# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बागमती गाउँपालिका, ललितपुर

# आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९ मितिः २०७८।०५।०४

च.नं २०९

श्री प्रमुखज्यू,
बागमती गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ललितपुर ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**२०७८ भाद्र ४ गते**

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः२०७८।०७९ **(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

च.नं २१८

मितिः २०७८।०५।०४

श्री प्रमुख ज्यू,
बागमति गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ललितपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय :-** हामीले बागमति गाँउपालिकाको २०७६।०७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय—व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय विवरण तयार गरेको भएतापति समग्र आर्थिक कारोबारलाई समेट्न सकेको छैन ।

२. लेखापरीक्षणबाट रु. ५ करोड ८३ लाख ५७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १ करोड ५२ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु.१ करोड २५ लाख ५२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५८ लाख ३० हजार र पेश्की रु.२ करोड ४७ लाख ४३ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७७।९।१४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना (३४) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी :-** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँकार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी :-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# बागमती गाउँपालिका

**लेखापरीक्षण प्रतिवेदन**

**२०७६।७७**

**निकायको परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बागमती गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३५ सभा सदस्य, १११.४९ वर्ग किलोमिटर क्षेत्रफल तथा १३ हजार ४९ जनसंख्या रहेको छ ।

**स्थानीय सचित कोष** – अर्थिक वर्ष २०७६/०७७ स्थानीय संचित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

**प्राप्ती भुक्तानी हिसाव**

| विवरण | टिप्पणी | यस वर्षको रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | बस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५२,४१,२४,०८२.३७ | ४२,४१,८०,५०७.५९ | ० | ४२,४१,८०,५०७.५९ |
| **क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)** | | ४६,७२,९८,६५९ | ३७,२८,६३,३८१.२२ | ० | ३७,२८,६३,३८१.२२ |
| ११०० कर | ११ | १७,०६,६७,००० | ९,२५,१३,४७३.२२ | ० | ९,२५,१३,४७३.२२ |
| १३०० अनुदान | | २९,६६,३१,६५९ | २८,०३,४९,९०८ | ० | २८,०३,४९,९०८ |
| संधीय सरकार | १२ | २४,२८,७३,५०० | २२,९२,४५,२५० | ० | २२,९२,४५,२५० |
| प्रदेश सरकार | १२ | ५,३७,५८,१५९ | ५,११,०४,६५८ | ० | ५,११,०४,६५८ |
| **ख. अन्य प्राप्ती** | | ५,६८,२५,४२३.३७ | ५,१३,१७,१२६.३७ | ० | ५,१३,१७,१२६.३७ |
| वितरण गर्न बाँकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | ३५,३७,९२३.३७ | ४०,३२,३७८.३७ | ० | ४०,३२,३७८.३७ |
| धरौटी | | ० | ० | ० | |
| संधीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ५,३२,८७,५०० | ४,७२,८४,७४८ | ० | ४,७२,८४,७४८ |
| **भुक्तानी (ग+घ)** | | ५२,४१,२४,०८२.३७ | ३८,९७,०३,३९४.७० | ० | ३८,९७,०३,३९४.७० |
| **(संचित कोषबाट )** | | ४६,७२,९८,६५९ | ३३,९०,५७,३५८.३१ | ० | ३३,९०,५७,३५८.३१ |
| २१००० पारिश्रमिक/सुविधा | १८ | १६,५७,४२,५५१ | १५,८६,३६,९५७.९५ | ० | १५,८६,३६,९५७.९५ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,०२,७९,९४९ | ६,६७,३६,१५९.२७ | ० | ६,६७,३६,१५९.२७ |
| २४००० ब्याज,सेवा शुल्क तथा बैंक कमिशन | १८ | ४५,००,००० | ६१,२०,८४४ | ० | ६१,२०,८४४ |
| २५००० सहायता | १८ | १,७०,००,००० | ५६,४५,५८७ | ० | ५६,४५,५८७ |
| २६००० अनुदान | | | | ० | |
| २७००० सामाजिक सुरक्षा | १८ | १९,५०,००० | ४,००,००० | ० | ४,००,००० |
| २८००० अन्य खर्च | १८ | ४०,८०,००० | ३८,४३,६२४ | ० | ३८,४३,६२४ |
| ३१००० गैर वित्तिय सम्पती/पूँजिगत खर्च | १८ | १८३७४६१५९ | ९,७६,७४,१८६.०९ | ० | ९,७६,७४,१८६.०९ |
| घ. अन्य भुक्तानी | | ५,६८,२५,४२३.३७ | ५,०६,४६,०३६.३९ | ० | ५,०६,४६,०३६.३९ |
| | | ३५,३७,९२३.३७ | ३५,०६,९७९ | ० | ३५,०६,९७९ |
| संधीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ५,३२,८७,५०० | ४,७२,८४,७४८ | ० | ४,७२,८४,७४८ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | | | (१,४५,६९०.६१) | ० | (१,४५,६९०.६१) |
| ङ. यो वर्षको बचत (न्युन) | | | ३,४४,७७,११२.८९ | ० | ३,४४,७७,११२.८९ |
| च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | | | |
| वर्षान्तको बाकी रकम (ङ+च) | | | ३,४४,७७,११२.८९ | | ३,४४,७७,११२.८९ |
| बैक तथा नगद बाँकी | २४ | | ३,४४,७७,११२.८९ | | ३,४४,७७,११२.८९ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, महालेखापरीक्षकको रणनैतिक योजना (२०७६-२०८०) कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधारमानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।<br>लेखापरीक्षण ऐन, २०७५ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्र्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । | |
| | **लेखापरीक्षणको क्रममा असुलीः** लेखापरीक्षणको क्रममा रु.७०,१६०। र प्रारम्भिक प्रतिवेदन पश्चात रु ७८५१५४।०० असुली भई सम्बन्धित राजस्व शीर्षकमा दाखिला भएको छ । | |
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• वित्तिय प्रतिवेदनको अनुसूची २४ बैक तथा नगद बाकीमा बैक कारोबारको भिन्नता भनी रु.(२,६९,६६,२५३) देखाइएकोमा सो बारे स्पस्ट गरेको छैन ।<br>• संघ सशर्त अनुदान (ब.उ.शी.नं.८०३३४५०३५११) तर्फ पालिकाले कार्यक्रमवाइजको खर्च विवरण सहित रु.१५,९८,५६,४०२.६० खर्च भएको भनी च. नं १२३ मिति २०७७।०५।१४ को पत्रबाट कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरलाइ आ.वि वुझाएको पत्र पठाएको छ ।सो सँग सम्लग्न आर्थिक विवरणले रु.१५,४९,८३,७२८.८० निकासा तथा खर्च भएको देखाएको छ भने बैक नगदी कितावको कुल बजेट खर्च महलमा रु.१५,८४,७१,३६६.६० खर्च देखाएको छ । यसरी ३ वटा विवरणमा फरकफरक अंक देखाएकोले वास्तविक खर्च रकम यकिन भएन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• वित्तिय प्रतिवेदनको अनुसूची २३ अनुसार कूल पेश्की बाँकी रु ३,११,८८,००८। रहेकोमा पालिकाले उपलब्ध गराएको म.ले.प.फा.न. २११ अनुसार रु १,३८,१३,००८। देखिएको छ । सो मध्ये दुईजनाको रु ११,००,०००। फछ्यौटका बिल भरपाई पेश गरी बैंक नगदी किताबमा समेत फछ्यौट जनाई सकेपछि पनि म.ले.प.फा.न. २११ मा पेश्की बाँकी नै रहेको देखिन्छ । संघ सशर्त चालु तर्फबाट एक विद्यालयलाई गएको पेश्की रु २६,००,०००।, संघ सशर्त पुजीगत तर्फबाट एक उपभोक्ता समितिलाई रु.६,००,०००।-, जिल्ला समन्वय समितिबाट प्राप्त अनुदानतर्फबाट भवन निर्माणमा गएको | |

| | | |
|---|---|---|
| | रु ८५,३०,०००। र गाउँपालिका चालुबाट एक समितिलाई गएको रु ३,००,०००। पेश्की बैंक नगदी किताबमा फछ्यौट नभई बाँकी नै देखिएकोमा पेश्की बाँकी विवरण (म.ले.प.फा.न. २११) मा उक्त पेश्की उल्लेख भएको छैन । प्राप्त विवरण एंव लेखापरीक्षणबाट रु २,४७,४३,००८। पेश्की बाँकी रहेकोमा वित्तिय प्रतिवेदनअनुसार रु ३,११,८८,००८। देखिएको हुदा फरक परेको रु.६४,४५,०००। सम्बन्धमा पालिकाले छानबिन गरी एकिन गर्नुपर्दछ ।<br>तसर्थ उपरोक्त व्यहोराको विश्लेषण गर्दा पालिकाको वित्तिय प्रतिवेदनले समग्र आर्थिक कारोवारको यथार्थ चित्रण गरेको देखिदैन । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर यस पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१५,४८,३३७.३० मौज्दात कायम भएकोमा वित्तिय प्रतिवेदन(म.ले.फा.नं. २७२) मा यो बर्षको शुरुमा शुन्य जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१५,४८,३३७.३० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु........ | १५,४८,३३७.३० |
| ३. | **धरौटी** - स्रेस्ता तथा बैंक स्टेटमेन्ट अनुसार यस वर्षको धरौटी आम्दानी रु.३,३१,०००/- देखिएकोमा वित्तिय प्रतिवेदनमा शून्य मौज्दात देखाएकोले पालिकाले यस सम्बन्धमा स्पष्ट गर्नुपर्ने रु. --- | ३३१०००.०० |
| ४. | वित्तिय प्रतिवेदनको अनुसूची ११ मा घर जग्गा रजिष्ट्रेशन वापत रु. ४६,४१,१६९.०० देखाएकोमा बैक नगदी किताव अनुसार रु.४६,७३,५२१.६६ देखिएको छ । गोटीखेल मालपोत कार्यालयबाट प्राप्त रु.३२,३५१.८० उक्त शिर्षकमा समावेश भएको देखिएन । उक्त रकम कुन आय शीर्षकमा जम्मा गरेको हो स्पष्ट गर्नुपर्ने रु. --- | ३२५३१.८० |
| ५. | **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा नगरेको कारण पालिकाको २०७७।०३।३१ मा स्रेस्ताअनुसार रु.३,४४,७७,११२.८९ देखिएकोमा सोही मितिको बैंक स्टेटमेन्टअनुसार रु.४,४३,७९,९३५.२२ देखिएकोले फरक पर्न गएको रु.९९,०२,८२२.३३ को बैक हिसाव मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | |
| ६. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन।आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कार्यालयको विनियोजन, राजस्व, धरौटी जिन्सी र अन्य कारोबारको स्रेस्ता महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र यसरी राखेको लेखा स्रेस्ता अद्यावधिक भए नभएको कार्यालय प्रमुखले चेकजाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरेता पनि गोश्वरा भौचर तथा टिप्पणी आदेश र लेजर लगायत खाताहरु प्रमाणित नगरेको, आम्दानी तर्फको म.ले.प.फा.नं.१०८ र २३ जस्ता खाता नराखेको, कार्यक्रम संचालनका सबै विल भरपाई हाजिरी लगायतका प्रमाण आंशिकमात्र राख्ने गरेको, प्रयोजन नखोली पेश्की दिने गरेको समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको, नापी किताव लगत सिटमा नराखेको, आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम २५ अनुसार भौतिक एवं. वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको जस्ता व्यहोराहरु देखिएको छ । जसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सोही नियमावलीको नियम ९५ अनुसार भएको र कार्यालय प्रमुखबाट नियमित चेकजाँच भएको छ भन्न सकिएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । | |

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।
- कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। ठेक्का सम्झौता बमोजिम तोकिएको समयमा सम्पन्न नहुने तथा आयोजना अधुरा रहने गरेको पाइयो ।

| | | |
|---|---|---|
| | • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ ४५ र प्रशासनिकतर्फ ५६ समेत १०१ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा ७५ जनाको मात्र पदपूर्ती भएकोले कार्यालय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो । त्यस्तै स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानिय तह अन्तर्गतका कर्मचारीरुको वार्षिक तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो । साथै शिक्षकहरुको तलब भत्ता खर्च लेख्दा विद्यालय शिक्षक किताबखानाबाट तलबी प्रतिवेदन पारित हुनुपर्नेमा सो बेगर तलब निकासा गरेको पाइयो । तलबी प्रतिवेदन पारित वेगर तलब भुक्तानी गर्दा ग्रेड एकिन गर्ने अवस्था रहेन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ८ ऐन, ३ नियमावली, १० कार्यविधि १ निर्देशिका समेत २२ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• सार्वजनिक सुनुवाइ मार्फत बजेटले जनताको माग सुनुवाई भएको छैन,<br>• अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>• गाँउपालिकाले निर्धारित ढाँचामा सबै कारोबारको भौतिक एवं वित्तिय प्रगति खुल्ने गरी | |

लक्ष्य तथा प्रगतिको विवरण तयार गरेको छैन ।

- सार्बजनिक खरिद नियमाबली २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालन हुने निर्माण कार्यमा एक्जाभेटर, डोजर, लोडर जस्ता मेसिनरी उपकरण प्रयोग गर्न नसकिनेमा केही ग्रामिण सडक निर्माणमा मेसिनबाट काम गराएको पाईयो ।
- पालिकाले स्वीकृत ढाँचामा नापी किताब नराखी लुज सीटमा राख्ने गरेको पाइयो ।
- पालिकाले राजश्व असुलीलाइ व्यवस्थित बनाउन सफ्टवेयर प्रयोगमा ल्याई स्वचालित प्रणाली मार्फत व्यवस्थित गरेको छैन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

७. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले २०७६।०३।०९ गते रु ४६ करोड ७२ लाख ९८ हजार ६५९को बजेट सभा समक्ष पेश गरेकोमा २०७६।०३।०९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०३।०९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

८. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि. नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| 1. | संघ | १३८५०३६ | | २९९६८८ | १०८५३४८ | १०४५३९३ |
| 2. | प्रदेश | २५२६२३५०।८६ | | २७९२०२७ | २२४७०३२३।८६ | ११६६७८८४।६० |
| 3. | पालिका | ६०८९७८२९।२३ | ३१३२५१४ | २८७६५३१।७५ | ५४८८८७८३।४८ | ३९७०२८३०।४८ |
| | कूल खर्चः | ८,७५,४५,२१६.०९ | ३१,३२,५१४ | ५९,६८,२४६.७५ | ७,८४,४४,४५५.३४ | ५,२४,१६,१०८.०८ |
| | खर्च प्रतिशत | | ३.५८ | ६.८२ | ८९.६० | ५९.८७ |

९. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५३५०००० | १०२९७४०७ | ७ |
| सामाजिक क्षेत्र | ३७७००००० | ३१४२३४८९ | २१.५८ |
| पूर्वाधार विकास क्षेत्र | ९७८३११५९ | ४४३६३५६४।२३ | ३०.४७ |
| वातावरण तथा विपद् व्यवस्थापन | १९००००० | १९००००० | ०.१३ |
| पुर्ननिर्माण | ४४७००००० | १४४९८२८५ | ९.९६ |
| वित्तीय व्यवस्थापन र सुशासन | ७५०१००० | १२८५८७९ | ०.८८ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ६५२०५००० | ५६३२९७१६।३२ | ३८.६९ |
| **जम्मा** | **२१५४८७१५९** | **१४५६०००५५।५५** | **१००** |

१०. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.४५६५२८४१.२२ राजस्व बाँडफाँड र अनुदानबाट रु.३२७२१०५४० समेत रु.३७२८६३३८१.२२ आम्दानी भएकोमा चालुतर्फ रु.२४१३८३१७२.२२ र पूँजिगततर्फ रु.९७६७४१८६/०९ समेत रु.३३९०५७३५८.३१ खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा १३.४६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.५१,४०,५००।- खर्च भएको छ जुन आन्तरिक आयको ११.२६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१ प्रतिशत चालु र २९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

**संगठन तथा कर्मचारी व्यवस्थापन**

११. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले इन्जिनयर, सव इन्जिनियर, कार्यालय सहायक, कार्यालय सहयोगी लगायतका विभिन्न पदमा ३५ जना कर्मचारीहरु करारमा राखी रु.१०१६७२३५। खर्च लेखेको छ ।

१२. **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो बर्ष दर्ता भएको ५ गरी कुल ५ विवाद दर्ता भएकोमा ३ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१३. **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

<table>
<tr><td>१४.</td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा खाजा तर्फ रु २३४७४२७ र विविधतर्फ मात्र रु.४६३८५१५/- गरी जम्मा रु.६९८५९४२/- खर्च गरेको छ ।यस्तो फजुल खर्च नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>आर्थिक सहायता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजन जस्तै - क्यान्सर उपचार सहयोग बापत विनिमाया थिङलाई रु.५०,०००/-, मानविय सहायता बापत नविन तिमिल्सिनालाई रु.७५,०००/-, भुकम्प पिडीतलाई अनुदान वितरणको लागि रकम ल्याउने क्रममा बसमा चोरी भएको भनी हरी प्रसाद बजगाईलाई रु.५०,०००/- लगायतका विभिन्न व्यक्तिहरुलाई चालु तथा पूँजीगत बजेटबाट रु.१२,८१,५००/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>शिर्षक फरक पारी खर्च : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५ को उपनियम २ अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले खर्च गर्न र खर्चको निकासा दिनु अघि रकम स्विकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न सकिने व्यवस्था छ ।तर पालिकाले देहायबमोजिमको भौ न र मिति बाट भुक्तानी गर्दा फरक शिर्षकबाट खर्च लेखेको अनियमित देखिएको रु
<table>
<tr><th>भौ न ।मिति</th><th>खर्च लेखुपर्ने शिर्षक</th><th>खर्च लेखिएको शिर्षक</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>६३१।२०७७।०३।२९</td><td>अनुगमन तथा मुल्याङ्कन</td><td>विविध तथा मर्मत</td><td>३३७७१०/-</td><td></td></tr>
<tr><td>६५०।०७७।०३।३१</td><td>पशु स्वास्थ्य कार्यक्रम</td><td>मसलन्द छपाई</td><td>३८५९१७/-</td><td>पशु स्वास्थ्य कार्यक्रममा गर्नुपर्ने खर्च मसलन्द छपाईमा गरिएको</td></tr>
<tr><td>६३७।२०७७।०३।२४</td><td>इन्धन</td><td>गाडी भाडा थप र पानी विजुली</td><td>१२२९५०/-</td><td>११ लाख ३० हजार बजेट इन्धनमा विनियोजन भएपनि नपुग गाडीभाडाबाट</td></tr>
<tr><td>३०८।२०७६।११।१३</td><td>राष्ट्रपति रनिङ सिल्ड</td><td>विविध</td><td>१७५८४७/-</td><td></td></tr>
<tr><td>२९२।२०७६।१०।२७</td><td>ल्होसार कार्यक्रम खर्च</td><td>विविध</td><td>१६३४३५/-</td><td>स्वीकृत वजेट ७ लाख नपुग रकम विविध बाट भुक्तानी</td></tr>
<tr><td>६०५।२०७७।०३।२५</td><td>गाडीभाडा</td><td>विविध</td><td>२०६१५४/-</td><td>३० लाख बजेट बिनियोजन परिधिभित्र रहनुपर्ने</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१३,९२,०१३।</td><td></td></tr>
</table>
आर्थिक वर्षको अन्त्यमा मसलन्द, इन्धन, गाडी मर्मत तथा भाडा जस्ता खर्चको भुक्तानी विविध शिर्षकबाट गरिएको छ । सवारी भाडामा रु ३० लाख बार्षिक बजेट वनियोजन भएको छ । सोही बजेटको परिधिभित्र रही खर्च गर्नुपर्नेमा अन्य शिर्षकबाट समेत खर्च लेख्नु नियमसम्बत देखिएन ।</td><td>१३९२०१३.००</td></tr>
<tr><td></td><td>• अनुदान प्राप्ति, वितरण र फिर्ता</td><td></td></tr>
</table>

१७. **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा प्रदेश सशर्त तर्फको खर्च नभई बाँकी भएको रु ७,७६,०६१।८४ मिति २०७७।०८।२१ मा मात्र फिर्ता गरेको छ ।

१८. **अनुत्पादक खर्च** - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु १८,९६,६७०। खर्च गरेको देखिन्छ ।

| सि.नं. | प्रयोजन | रकम |
|---|---|---|
| १ | महिला तिज कार्यक्रम | ७,००,०००.०० |
| २ | गाउँपालिकाको भवन शिलान्यास | ३,३३,३३५.०० |
| ३ | ल्होसार कार्यक्रम खर्च | ८,६३,४३५.०० |
| | जम्मा | १८,९६,७७०.०० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

- **कर दस्तुर एवं आन्तरिक आय**

१९. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भूमिकर/मालपोत | ४८०४०००.०० | २८१०२०.०० | ५.८५ |
| व्यवसाय कर | ११५६७०००.०० | १३९८४५०.०० | १२.०९ |
| रजिष्ट्रेशन दस्तुर | ५००००००.०० | ४६७३५२१.९६ | ९३.४७ |
| विभिन्न श्रोतबाट प्राप्त हुने आन्तरिक आय (ढुङ्गा गिट्टी बालुवा समेत) | ३५५२६०००.०० | १३९५८०५०.०० | ३९.२९ |
| | | | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

- **आयकर एवं मू.अ.कर**

२०. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.३३०५/३१ अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. ३३०५.३१

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | करको दर | कर रकम |
|---|---|---|---|---|
| ५।२०७७।०३।१७ | दयाल मल्टिप्रपोज प्रालिलाइ राष्ट्रिय परिचय पत्र तर्फको शिर्षक | २३१३७२ | १.५ प्रतिशत | ३३०५।३१ |

२१. **मूल्य अभिवृद्धि कर कट्टी** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.९६००/- कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १२।२०७६।०९।२९ | भिमदेवी मेडिसिन सप्लायर्स | ६०८१९४९९८ | ४८६७४८।८० | ३५२० | १७६० |
| २१।२०७७।०१।०९ | क्यानडेला मेडी कन्सर्न | ६११२१६३०० | ४९८०९६।५ | ८०५६ | ४०२८ |
| २२।२०७७।०१।०९ | रिलायवल डाइगनोस्टिक सिस्टम प्रालि | ६०३५६८००४ | ६७२३५ | ७७३५ | ३८६७।५ |
| | **जम्मा** | | | | ९६६० |

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. ९६००.००

२२. **बिनियोजन श्रेस्ता** - गाँउपालीकाले समानिकरण चालु, पुजिगत, शसर्त चालु र पुजिगत तथा बिषयगत मन्त्रालयबाट प्राप्त रकमको श्रेस्ता अलग अलग राख्नुपर्नेमा समानिकरण र शसर्तको चालु र पुजिगतमात्र छुट्याई खर्च लेखेको देखिँदा बिषयगत मन्त्रालयबाट भएको खर्च यकिन गर्न सकिएन । तसर्थ शिर्षक अनुसार खर्चको लेखा तथा स्रेस्ता राख्ने गर्नुपर्दछ ।

२३. **सम्पत्ती हस्तान्तरण नभएको** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ५०(२) बमोजिम कुनै कार्यालय खारेज बा गाभ्ने निर्णय भएमा यसरी निर्णय भएको ३५ औं दिनमा कार्यालय खारेज भएको मानिने छ । उक्त अवधी भित्र सो कार्यालय कायम रहेको दिनसम्मको जिन्सी मालसामानको मौज्दात मर्मत सम्भार लिलाम मिन्हा गर्नुपर्ने मालसामानको परिमाण र मूल्य समेत खुलाई त्यस्तो कार्यालय खारेज वा गाभिएको मितिले ३५ दिन भित्र प्रतिवेदन तयार गरी त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । मन्त्रिपरीषदको को निर्णयबाट गाउपालिकामा रहेका स्वास्थ्य केन्द्र, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र लगायतका कार्यालयहरु खारेज भई गाउपालिका मातहत हस्तान्तरण भएकोमा उल्लेखित निकायहरुको साबिक सम्पत्ती जिन्सीको प्रतिवेदन तयार गरी लिने दिने व्यवस्था मिलाएको नदेखिदा नियमानुसार सेवा केन्द्रहरुको सम्पत्तीको उचित व्यवस्थापन मिलाउनु पर्दछ ।

२४. **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| बस्ती विकास तथा भवन निर्माण मापदण्ड | ग्लोवल इन्जिनियरङ्ग कन्सर्न मोरङ्ग | ४,९५,५०५। | ४,९५,५०५। | - |
| भालुखोला सडक पुल निर्माण | चिरायु कन्सल्टेन्सी बनेपा | ८,९८ ,६३२। | ८,९८,६३२। | ४,८०,००,०००। |
| सोलाभन्ज्याङ्ग चमेरे गुफा मटरबाटो विस्तृत योजना प्रतिवेदन | रकल्यण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी काठमाडौ | ६,८२,५००। | ६,८२,५००। | ५०,००,०००। |

| | | | | |
|---|---|---|---|---|
| लुकुनी वेशी माथिल्लो आश्राङ्ग मोटरबाटो | डाइमन्ड कन्सल्टेन्सी नयाँबानेश्वर | २,१३,००५। | २,१३,००५। | ५०,००,०००। |
| कुटमिरे दमार खेलकुद मैदान | डाइमन्ड कन्सल्टेन्सी नयाँबानेश्वर | ५,५०,०००। | ५,५०,०००। | १५००,०००। |
| | जम्मा | २८,३९,६४२। | २८,३९,६४२। | ५,९५,००,०००। |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

२५. भौ नं ६१९ मिति २०७७।०३।२८ बाट चिरायु कन्सल्टेन्सी बनेपालाई भालुखोला सडक पुलको डि पी आर तयार गरेको भनी रु ८९८६३२।५० भुक्तानी गरेको छ । उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमलाई कार्यपालिकाको निर्णयले संसोधन गरी रु ८५००००। बजेट विनियोजन गरेको पाइयो । भौचरसंग संलग्न श्रेस्ता परीक्षण गर्दा सम्बन्धित फर्मले उक्त कार्य गर्नका लागि प्राविधिक तथा आर्थिक रुपमा सवल भएको प्रस्ताव सहितको कागजात पेश भएको पाइएन ।तथा परामर्श मुल्याङकनका लागि आवश्यक थप २ कम्पनिको सक्षमताको प्रस्ताव पेश नगरी चिरायुलाई मुल्याङकनमा सफल गराएको पाइयो ।

२६. **बढी भुक्तानी -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ उपनियम ८ अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । बिल भरपाई र वास्तविक खर्चभन्दा बढी रकम भुक्तानी गर्नु हुदैन । भौचर नं.६०४ मिति २०७७।०३।२५ बाट श्री भगवती आधारभूत विद्यालय आश्राङ्गलाई वाल निर्माण कार्यका लागि गाउँपालिकाबाट रु.४०००००/- अनुदान उपलब्ध गराइएकोमा रु.३०५३४९।९७ को मात्र बिल भरपाई पेश भएको छ । कम बिल भएको भनि भुक्तानीको टिप्पणीमै उल्लेख गरेतापनि पालिकाले पुरै रकम भुक्तानी गरेको देखिन्छ । बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु. -- ९४६५०.००

२७. **अन्य कार्यालयको खर्च रकम भुक्तानी -** पालिकाले भौ न २८ मिति २०७६।०६।१२ मा महानगरीय वृत ललितपुरको पत्रानुसार सो कार्यालयको गाडी मर्मत वापतको रकम रु २१५४४५।८० बुद्ध अटो मोवाइल्सको नाममा चेक काटी भुक्तानी गरेको छ । यसरी अन्य कार्यालयको भुक्तानी पालिकाबाट गर्ने कार्यमा नियन्त्रण गरिनु पर्दछ ।

**संघ सशर्त अनुदान (चालुतर्फ)**

२८. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | जनक मा वि | १४ | १३ | ९ | १८१ |
| २ | नारायणी मा वि | १३ | ११ | ६ | ३२३ |
| ३ | विद्याधिश्वरी मा वि | १४ | १३ | ६ | २६१ |
| ४ | कालिदेवी मा वि प्युटार | १८ | १६ | ५ | २९१ |
| ५ | चण्डेश्वरी मा वि | ८ | ७ | ४ | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | कालिदेवी मावि माल्टा | १६ | १५ | १२ | २६५ |
| ७ | जनजागृती मा वि | १६ | १६ | १० | १७५ |
| ८ | शारदा शिक्षा सदन मा वि | ११ | ११ | ७ | १८५ |
| ९ | महाँकाली देवी मा वि | १६ | १३ | ३ | १३५ |
| १० | घुसेल मा वि | १४ | १२ | ८ | २२० |
| ११ | बालमनेरमा आवि | ८ | ८ | ५ | १८८ |
| १२ | खैरेनी आवि | ७ | ६ | ३ | ११३ |
| १३ | भट्टेडाँडा आवि | ११ | ११ | ४ | ८८ |
| १४ | विज्ञानप्रभा आवि | १० | ६ | २ | ७५ |
| १५ | झाँगलकोट आवि | ३ | ३ | | १०४ |
| १६ | सातकन्या आवि | ६ | ५ | १ | ९९ |
| १७ | सोभानी आवि | ३ | ३ | २ | ५० |
| १८ | थुम्की आवि | ३ | ३ | ३ | २२ |
| १९ | मनकामना आवि | २ | २ | १ | २४ |
| २० | काउसे आवि | ३ | ३ | ३ | ३२ |
| २१ | बालभैरव आवि | ३ | ३ | | ३५ |
| २२ | साहुमारा आवि | १ | १ | | २३ |
| २३ | मोचेडँडा बाविके | | | | ० |
| २४ | भगवती आवि | ३ | २ | १ | ४१ |
| २५ | नवज्योती आवि | २ | २ | २ | ११ |
| २६ | बालकल्याण आवि | २ | २ | २ | १८ |
| २७ | ओमशान्ति बाविके | | | | ० |
| २८ | बालमनोरमा बाविके | | | | ० |
| २९ | देउराली आवि | ३ | ३ | १ | ५९ |
| ३० | फुर्केडाँडा आवि | ३ | ३ | २ | ४९ |
| ३१ | धनडाँडा आवि | १ | १ | १ | २० |
| ३२ | बागमती आवि | २ | १ | | ५० |
| ३३ | गढी भन्ज्याङ आवि | २ | २ | २ | ३६ |
| ३४ | शान्ति आवि | २ | २ | २ | १३ |
| ३५ | ज्ञानोदय आवि | २ | २ | २ | २३ |
| ३६ | बालचन्द्र आवि | २ | २ | २ | २६ |
| ३७ | भुमेश्वरी आवि | ३ | ३ | | १७ |
| ३८ | चण्डेश्वरी आवि माल्टा | २ | २ | १ | ३७ |
| ३९ | कालिदेवी आवि माल्टा | ३ | ३ | १ | ४३ |
| ४० | नागदेवी आवि | २ | २ | २ | ४० |
| ४१ | ज्ञानज्योती आवि | ४ | ३ | २ | ७६ |
| ४२ | त्रिखण्डी आवि | २ | २ | १ | २० |
| ४३ | बाघ भैरव आवि | २ | २ | | १९ |
| ४४ | भानु आवि | ३ | ३ | १ | ३५ |
| ४५ | यास्पा आवि | १ | १ | १ | १५ |
| ४६ | निलेश्वरी आवि | | | | ० |
| ४७ | महाकाल आवि | ३ | ३ | १ | ७२ |
| ४८ | ओखरभञ्ज्याङ आवि | २ | २ | २ | १९ |
| ४९ | नागदह आवि | २ | २ | | १५ |
| ५० | बालकुमारी आवि | २ | २ | | ४१ |
| | जम्मा: | २५५ | २३३ | १२१ | ३७८४ |

यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।

१. स्थानीय तह मातहतमा रहेका ५० विद्यालय मध्ये सि.न. २३, २७, २८ र ४६ मा उल्लेखित विद्यालयहरुमा शिक्षक र विद्यार्थी रहेको देखिएन ।

२. शिक्षक र विद्यार्थी देखिएका ४६ विद्यालयमा २५५ शिक्षक दरबन्दी रहेकोमा २३३ पदपुर्ती भएको र पदपुर्ती मध्ये १२१ करारमा रहेको देखिन्छ । दरबन्दी अनुसारको शिक्षक पदपुर्ती हुनुपर्दछ ।

३. विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एंव न्युन विद्यार्थी भएका विद्यालयहरु सम्भाव्यताका आधारमा मर्ज गर्नुपर्दछ ।

२९. **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१२११११५२।६० तलब भत्ता भुक्तानी गरेको पाईयो ।

३०. **बढी निकासा** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । नमुना छनोटको आधारमा देहायबमोजिमका विद्यालयहरु छनोट गरी निकासा भिडान गर्दा दरबन्दी अनुसारको माग फारम तथा भरपाई भन्दा बढी तलब भत्ता निकासा गरेको एवं **IEMIS** मा उल्लेखित भन्दा बढी विद्याथीलाई छात्रवृत्ति लगायतका रकम बढी निकासा गरेको पाइयो । यसरी गाउँपालिकाले दरबन्दी तथा माग फारमभन्दा बढी निकासा दिएको रु.४,६०,१४९/-, विना आधार नपुग रकम भनि निकासा गरेको रु ३,२०,०८५/- गरी निम्नानुसार रु.७,८०,२३४/- रकम बढी निकासा खर्च लेखेको छ । त्यसैगरी पाठ्य पुस्तकतर्फ रु.८,७९६/-,छात्रवृत्तीतर्फ रु.८,४००/- लगायत रु.१७,१९६/- बढी निकासा दिएको देखियो । अन्य विद्यालयहरुको हकमा पनि बढी निकासा गए नगएको सम्बन्धमा पालिकाले एकिन गरी बढी निकासा गएको भए असुल गर्नुपर्ने देखियो । तसर्थ बढी निकासा दिएको देहायबमोजिमको रकम असूल गरी सम्बन्धीत राजस्व खतामा दाखिला हुनुपर्ने रु. -- ७९७४३०.००

३०.१. देहाय बमोजिमको तलव भत्ता तथा चाडपर्व खर्च भुक्तानी गर्दा बढी निकासा गरेको रकम असुल हुनुपर्दछ ।

| सिन | विद्यालयको नाम | माग फारम तथा वितरण भरपाई अनुसार | निकासा रकम | बढी निकासा | कैफियत |
|---|---|---|---|---|---|
| १ | नारायणी मावि गिम्दी | १३२००५३/- | १३८६७४३/- | ६६६९०/- | प्रथम त्रैमासिक सम्मको तलब भत्ता तथा चाडपर्व खर्च |
| २ | कालिदेवी मावि प्युटार | २३८०१७९/- | २७१०४०५/- | ३३०२३६/- | प्रथम त्रैमासिक सम्मको तलब भत्ता तथा चाडपर्व खर्च |
| ३ | माहाँकाल आवि | ३०९५२०/- | ३२६१०७/- | १६५८७/- | प्रथम त्रैमासिक सम्मको तलब भत्ता तथा चाडपर्व खर्च |
| ४ | झाँगलकोट आवि | ८२०२२७/- | ८४३७२७/- | २३५००/- | २०७५ चैत्रदेखि २०७६ आश्विन सम्मको तलब भत्ता तथा चाडपर्व खर्च |
| ५ | भट्टेडाँडा आवि | १११४६११/- | ११३२९६२/- | १८३५१/- | २०७७ वैशाख देखि असार सम्म |
| ६ | बालमनोरमा आवि | ८२८२५५/- | ८३११८०/- | २९२५/- | २०७७ वैशाख देखि असार सम्म |

| | | | | |
|---|---|---|---|---|
| ७ | कालिदेवी मावि माल्टा | १५७९८६३/- | १५८१७२३/- | १८६०/- | २०७७ वैशाख देखि असार सम्म |
| | जम्मा | | | ४६०१४९/- | |

३०.२. दोस्रो त्रैमासिक निकासा गर्दा माग फाराममा उल्लेखित रकमका अतिरिक्त विना आधार देहायबमोजिमका विद्यालयहरुलाई भौचर नं ३८ मिती २०७६।१०।२० बाट नपुग रकम भनी बढी निकासा गरेको रकम असुल हुनुपर्दछ ।

| सि नं | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | जन जागृति मावि | १०६८३.०० |
| २ | शारदा शिक्षा सदन मावि | १२०००.०० |
| ३ | चण्डरेश्वरी मावि | १९२४१७.०० |
| ४ | बालभैरव आवि | २९८५१.०० |
| ५ | नागदेवि आवि | ८०७९.०० |
| ६ | चण्डेश्वरी आवि | १६४८४.०० |
| ७ | निलेश्वरी आवि | ८०७९.०० |
| ८ | झाँगलकोट आवि | ४२४९२.०० |
| | जम्मा | ३२००८५.०० |

३०.३. पाठ्यपुस्तक शिर्षकमा देहायबमोजिमका विद्यालयहरुमा **IEMIS** रिपोर्ट मा भन्दा बढी विद्यार्थी देखाई बढी निकासा भएको रकम असुल हुनुपर्दछ ।

| सि नं | विद्यालयको नाम | जानुपर्ने रकम | दोस्रो किस्तामा समेत गएको रकम | बढी रकम |
|---|---|---|---|---|
| १ | जनक मावि | ९७८१८ | ९९५३३ | १७१५/- |
| २ | भगवती आवि | ७५८८ | १११२६ | ३५३८/- |
| ३ | बागमती आवि | ११४२८ | १२३७१ | ९४३/- |
| ४ | ओखरभन्ज्याङ आवि | ३७८३ | ५३३७ | १५५४/- |
| ५ | नागदह आवि | ३०१५ | ४०६१ | १०४६/- |
| | जम्मा | | | ८७९६/- |

३०.४. छात्रवृत्ति बढी निकासा भएको देहायबमोजिमको रकम असुल हुनुपर्छ ।

| सि नं | विद्यालयको नाम | छात्रवृत्तिको किसिम | बढी संख्या | बढी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | कालिदेवी मावि प्युटार | दलित १— ८ कक्षासम्म | २ | ८०० | |
| | कालिदेवी मावि प्युटार | छात्रा १— ८ कक्षासम्म | १४ | ५६०० | ७ जना दलित छात्रा दोहोरो भएको समेत |
| २ | नारायणी मावि | छात्रा १— ८ कक्षासम्म | ५ | २००० | ४ जना दलित छात्रा दोहोरो भएको समेत |
| | जम्मा | | | ८४०० | |

३१. **गत बर्षको भुक्तानीः** आर्थिक कार्यविधि नियमावली२०६४ को नियम ४०को उपनियम ७ मा विशेष कारण एवं परिस्थितिबस उपनियम ८ मा उल्लेखित खर्च शिर्षकहरुमा चालु बर्षको बजेटले नखामेको खर्च बेहोर्नुपर्ने भएमा बिल भरपाई बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिनुपर्ने कारण खोली महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकी कच्चाबारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोलेनिका बाट प्रमाणित गराई ५०२१८७६.६९

<table>
<tr><td></td><td>राख्नुपर्ने व्यवस्था छ । कोलेनिकाले प्रमाणित नगर्ने बजेट उपशिर्षकहरुको सम्बन्धित आलेप शाखा र कार्यालय प्रमुखबाट प्रमाणित गराउनु पर्दछ । पालिकाले भौचर नं २ मिति२०७६।०६।१० बाट विभिन्न विद्यालयलाई निकासा गरेको रु.३६०१७९८६।५२ मध्ये भट्टेडाँडा स्रोत केन्द्रका २७ विद्यालयलाई रु २९१९४५९।६९ र प्युटार स्रोत केन्द्रका २३ विद्यालयलाई रु.२१०२४१७।- गरी जम्मा रु ५०२१८७६।६९ गत आ व २०७६ असार महिनाको तलब भत्ता भुक्तानी गरेको छ । विद्यालयलाई निकासा दिदा माग फाराम प्राप्त गरी रितपुर्वक भए नभएको जाँच गरी भुक्तानी दिनुपर्दछ । पालिकाले विद्यालयहरुबाट प्राप्त गर्नुपर्ने माग फारामहरु व्यवस्थित गरी राखेको पाईएन । यसरी गत आ व को भुक्तानी सम्बन्धमा पालिकाले रितपुर्वक जाँच गरी एकिन गर्नुपर्ने देखिएको रु.</td><td></td></tr>
<tr><td>३२.</td><td>बिल भरपाई पेश नभएकोः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६को उपनियम ३ अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।भौचर नं २ मिति २०७६।०६।१० बाट खर्च लेखेको रु ३,६०,१७,९८६।५२ मध्ये रु ११०५०० कुन कुन विद्यालयलाई के बापत कति कति निकासा गरेको हो सो को बिल भरपाई पेश नभएको रु</td><td>१,१०,५००.००</td></tr>
<tr><td>३३.</td><td>प्रधानाध्यापक भत्ताः कार्यपालिकाको निर्णयबाट भनि मावि तर्फ प्रति महिना रु ५०० निमावि तर्फ रु २०० प्रावि तर्फ रु १०० थप प्र अ भत्ता दिने निर्णय गरे बमोजिम भनी देहायअनुसार रु ८६४००। प्रधानाध्यक भत्ता भुक्तानी दिएको पाइयो । यसरी थप प्र अ भत्ता दिने निर्णय लेखापरीक्षणमा पेश भएको छैन । कार्यपालिकाले यस्तो निर्णय गरेको भए उक्त खर्च पालिकाको आन्तरिक स्रोतबाट बेहोर्नुपर्नेमा संघ सशर्तबाट भुक्तानी भएको हुँदा उक्त रकम अन्तरिक स्रोतबाट व्यवस्था गरी संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु<br>
<table>
<tr><th>विवरण</th><th>विद्यालयको सख्या</th><th>अवधि</th><th>रकम</th></tr>
<tr><td>प्र अ भत्ता मावि</td><td>८</td><td>१२ महिना</td><td>४८,०००।</td></tr>
<tr><td>प्र अ भत्ता निमावि</td><td>१</td><td>१२ महिना</td><td>२४००।</td></tr>
<tr><td>प्र अ भत्ता प्रावि</td><td>३०</td><td>१२ महिना</td><td>३६०००।</td></tr>
<tr><td></td><td>जम्माः</td><td></td><td>८६४००।</td></tr>
</table></td><td>८६४००.००</td></tr>
<tr><td>३४.</td><td>एक विद्यार्थी एक नर्सः प्रदेश सशर्त अनुदानबाट तलब भत्ता पाउने गरी कालिदेवी मावि प्युटारमा एक विद्यालय एक नर्स कार्यक्रम अन्तर्गत मिति २०७६।०७।२६ बाट नियुक्त भएकी नर्स निरु जिम्बालाई मासिक रु.३०,२००/- का दरले रु.२,६१,५००/- संघ सशर्त अनुदानबाट भुक्तानी गरेको छ । प्रदेश सशर्त अनुदानबाट भुक्तानी गर्नुपर्ने रकम संघ सशर्तबाट भुक्तानी गरेकोले उक्त रकम अनियमित देखिएको रु</td><td>२,६१,५००.००</td></tr>
<tr><td>३५.</td><td>स्यानेटरी प्याड खरीदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । स्यानेटरी प्याड खरीदका लागि रु ९,११,०००। बजेट विनियोजन भएकोमा पालिकाले बर्षको अन्त्यमा आएर २ पटक गरी सोझै खरिद गरेको छ । छात्राहरुको स्वास्थ्य तथा सरसफाईसँग जोडिएको यस्तो खरीद कार्यको आर्थिक वर्षको सुरुमा खरीद प्रकृया सुरु गरी समयमै वितरण व्यवस्था मिलाउनुपर्नेमा २०७७ असार ५ र १५ गते मात्र विद्यालयलाई बुझाएको पाइयो । कोभिड १९ का कारण विद्यालयहरु बन्द भएको अवस्थामा आर्थिक वर्षको अन्त्यमा ठूलो परिमाणमा प्याड खरीद गरी विद्यालयलाई बुझाउनु उचित नदेखिनुका साथै सिलबन्दी दरभाउपत्र आवह्वान गरी गर्न सकिने काम सोझै खरिद गर्नु नियम सम्मत देखिएन । यस्तो खरिद कार्य गर्दा प्रतिस्पर्धा गराएर गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| भौ नं मिति | विवरण | आपुर्तक | संख्या | रकम |
|---|---|---|---|---|
| १६४।२०७७।०२।१५ | स्यानेटरी प्याड | एप्पल मेडिसिन सप्लायर्स कलस मेडिसिन सप्लायर्स | १०५६० | ४,४३,४२२ |
| १९०।२०७७।०३।१५ | स्यानेटरी प्याड | सौभाग्य डाइट फुड इन्डस्ट्रिज | १०८२१ | ४,५४,३८२ |
| | जम्मा | | २१३८१ | ८,९७,८०४ |

कोष तथा लेखा नियन्त्रक कार्यालयबाट एकै पटक पुरै रकम निकासा नदिइ दुइ किस्तामा निकासा दिइएकोले सिलबन्दी कोटेशनबाट गर्न नसकेको पालिकाको भनाइ रहेको छ ।

| | | |
|---|---|---|
| ३६. | **आइसिटी ल्याव तथा विज्ञान प्रयोगशाला स्थापनाः** विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारीत प्रोत्साहन अनुदान अन्तर्गत पालिकाले आइ सि टी ल्यावका लागि घुसेल माविलाई रु ३ लाख कालिदेवी मावि प्युटारलाई रु २ लाख जनक माविलाई रु ३ लाख र विज्ञान प्रयोगशाला स्थापनाका लागि चण्डेश्वरी माविलाई रु ३ लाख महाङ्काल देवी माविलाई ३ लाख र भट्टेडाँडा आविलाई रु ६६ हजार समेत रु १४ लाख ६६ हजार भौचर नं २४२ मिती २०७७।०३।२४ बाट अनुदान निकासा गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन। | |
| ३६.१. | कार्यक्रम कार्यान्वियन पुस्तिका २०७६।७७ अनुसार अनुदान रकमको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने मुख्य जिम्मेवार निकाय गाउँपालिका पनि रहेको छ । यसरी विद्यालयहरुलाई अनुदान दिएको रकमको सहि सदुपयोग भए नभएको एवं लक्षित विद्यार्थीहरुले त्यसबाट लाभ प्राप्त गरे नगरेको सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिवेदन गरेको पाइएन । यस सम्बन्धमा पालिकाले अनुदान रकमको अनुगमन गर्नुपर्ने देखिन्छ । | |
| ३६.२. | चण्डेश्वरी माविलाई विज्ञान प्रयोगशाला स्थापनाका लागि अनुदान दिइएको रु ३,००,०००। को कुनैपनि बिलभरपाई लगायतका कागजात पेश नभएको रु. | ३,००,०००.०० |
| ३६.३. | जनक माविलाई अनुदान दिइएको रु. ३ लाख बाट विद्यालयले आइसिटी ल्यावसँग सम्बन्धित सामान खरिद गरेको बिल भुक्तानीमा १.५ प्रतिशत का दरले अग्रिम कर कट्टी गर्नु पर्नेमा नगरेको हुँदा रु. ३,९५६। असूल गरी सम्बन्धित राजस्व शिर्षकमा दाखिला हुनुपर्ने रु. | ३,९५६.०० |
| ३६.४. | महाँकालीदेवी माविलाई पुस्तकालय व्यवस्थापनका लागि दिइएको अनुदान रु. ३ लाखको पुस्तकालय स्थापना गरी कार्य सम्पन्न भएको विद्यालय व्यवस्थापन समितिको निर्णय पेश भएको छैन । त्यसैगरी सामान खरिदको बिल भुक्तानीमा १.५ प्रतिशतले अग्रिम कर कट्टा नगरेकोले असूल गरी सम्बन्धित राजस्व शीर्षकमा दाखिला हुनुपर्ने रु. | ४,०११.०० |
| ३७. | **पेश्की फछ्यौटः** भौं नं १९४ मिति २०७७।०३।२१ बाट परीक्षा समितिका सदस्य श्री थलप्रसाद तिमिल्सिनाको नामको पेश्की रु.३,५०,०००। फछ्यौट गरी भौ नं १९५ मिति २०७७।०३।२१ बाट बाँकी रकम रु. १,४२,७७६। भुक्तानी गरेको भौचर परीक्षणबाट निम्न व्यहोरा देखिएको छ : | |
| ३७.१. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५ को उपनियम २ अनुसार खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले खर्च गर्न र खर्चको निकासा दिनु अघि रकम स्विकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ र खर्च गर्न बाँकी छ भने मात्र खर्च गर्न सकिने व्यवस्था छ । बागमती गाउँपालिका स्तरीय परीक्षा समितिको निर्णयअनुसार मिति २०७६।११।२६ देखि चैत्र ३ सम्मको पालिका स्तरीय सम्पुर्ण विद्यालयहरुको परीक्षा तथा आधारभुत तहको परीक्षाको कार्यमा भएको खर्च मध्ये रु.१,४२,७६७। शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमबाट खर्च लेखेको देखियो ।आ व २०७६।७७ को कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार परीक्षा सञ्चालन सम्बन्धि खर्च यस कार्यक्रमबाट गर्न मिल्ने नदेखिएकोले अनियमित देखिएको रु. | १,४२,७६७.०० |

| | | |
|---|---|---|
| ३८. | **अभ्यास पुस्तिका निर्माणः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ अनुसार १ लाख रुपैंया भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावजली २०६४ को नियम ८४ अनुसार ५ लाख भन्दा माथि २० लाख रुपैंयासम्मको लागत अनुमान भएको खरीद कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँ शिक्षा समिति बागमतिको मिति २०७७ जेठ ३२ गते बसेको बैठकको निर्णयले कोभिड १९ को कारण गाउँपालिका भित्रका सबै विद्यालयहरु संचालन हुन नसकेको सन्दर्भमा बालबालिकाहरुलाई कक्षा तथा विषयगत हुने गरी इ.सि.डी देखि १० कक्षा सम्मको लागि पाठ्यक्रमका आधारमा सिर्जनात्मक क्षमता विकास हुने खालको अभ्यास पुस्तिका निर्माण गरी वितरण गर्ने निर्णय भए अनुसार सो कामका लागि कार्यदल समेत गठन गरी पुस्तिका तयार गरी हरेक विद्यालयहरुमा वितरण गर्न प्रत्येक वडा कार्यालयहरुमा पठाएको देखिन्छ । सो पुस्तिका निर्माण गर्ने खर्च गाउँपालिकाको आफ्नै स्रोत नभएकोले विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विद्यालयलाई प्रदान गर्ने एस.आइ.पि र सामाजिक लेखापरीक्षणको रकमबाट खर्च गर्न सकिने भनि सोही बैठकले निर्णय गरेपनि उक्त पुस्तिका निर्माणमा भएको देहायबमोजिमको खर्च प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामाग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान तथा आधारभुत तहका स्विकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान समेतको बजेटबाट भएको देखिन्छ । ऐन नियममा भएको व्यवस्थाअनुसार लागत अनुमान तयार गर्ने एवं सिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने जस्ता प्रकृया पुरा नगरी एंव एक खर्च शीर्षकको रकम अर्को खर्च शीर्षकमा खर्च लेख्ने जस्ता कार्य नियमसंमत देखिदैन । त्यसैगरी उक्त पुस्तिकाहरु निर्माण गरी वडा कार्यालयमार्फत विद्यालयहरुलाई वितरण गरेको भनिएतापनि विद्यालयहरुबाट हरेक विद्यार्थीहरुले ती पुस्तिकाहरु पाए नपाएको एंव त्यसबाट विद्यार्थीहरुले लक्ष्य अनुसार ज्ञान हासिल गर्न सके नसकेको सम्बन्धमा लेखापरीक्षण अवधिसम्म पालिकाबाट अनुगमन गरी प्रतिवेदन गरेको समेत देखिएन । उक्त पुस्तिका निर्माण कार्यमा भएको रु १३,५२,३२६।खर्चको स्थिति देहायबमोजिम रहेको छ । | |

| | | |
|---|---|---|
| १ | लेखन कार्य । पाण्डुलिपि तयार | ७९,५००। |
| २ | सम्पादन खर्च | ४५,६००। |
| ३ | बैठक खर्च | ४८,०००। |
| ४ | कम्प्युटर खर्च | १४,७६०। |
| ५ | छापाखानामा बसी गरेको कार्य खर्च | ५२,०००। |
| ६ | छपाई खर्च | ९१,६२०४ |
| ७ | विविध खर्च | १,२६,२६२। |
| ८ | ढुवानी खर्च | ७०,०००। |
| ९ | जम्मा खर्च | १३,५२,३२६। |

| | | |
|---|---|---|
| ३९. | **खाजा भत्ताः** मिति २०७६।३।९ गतेको गाउँसभा बैठकले गाउँकार्यपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाई गुणस्तर कायम गर्न प्रतिमहिना रु १२००। का दरले खाजा खर्च उपलब्ध गराउने निर्णय गरेको छ । सोही निर्णयका आधारमा पालिकाले स्वास्थ्य तर्फका ५८ जना कर्मचारीहरुलाई भौचर नं २०५ मिति २०७७।०३।२४ बाट मासिक रु.१२०० का दरले संघ सशर्त अनुदानबाट रु.७,४६,४००/- खाजा भत्ता भुक्तानी गरेको छ । संघ सशर्तको कार्यक्रममा स्वास्थ्य तर्फका कर्मचारीहरुलाई यस्तो खाजा भत्ता दिन मिल्ने व्यवस्था नभएको हुदा गाउँपालिकाको आन्तरिक स्रोतबाट व्यवस्था गरी उक्त रकम संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु | ७,४६,४००.०० |

<table>
<tr><td>४०.</td><td>बढी भुक्तानीः आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ उपनियम ८ अनुसार कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । बिल भरपाई र वास्तविक खर्च भन्दा बढी रकम भुक्तानी गर्नु हुदैन । पालिकाले भौचर नं २०५ मिति २०७७।०३।२४ बाट स्वास्थ्य संयोजक श्री नवराज तिमल्सिनाले पेश गरेको बिल भरपाईका आधारमा रु ९,७२,२५० को खर्च भुक्तानी गरेकोमा रु ९,४६,६००। को मात्र खर्चको बिल पेश गरेकोले बढी भुक्तानी गरेको रु २५,६५०। असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>२५,६५०.००</td></tr>
<tr><td>४१.</td><td>खर्च नभएको रकमः जनस्वास्थ्य निरीक्षक श्री नवराज तिमल्सिनाले विभिन्न कार्यक्रमका लागि लिएको पेश्की मध्ये भौचर नं २१४ मिति २०७७।०३।२७ बाट पेश्की फछ्यौट गर्दा खर्च नभई बाँकी रहेको रकम बागमती गाउँपालिकाको खातामा रु २,९८,९३५ दाखिला गरेको छ । संघ सशर्त तर्फको खर्च हुन नसकी बाँकी रहेको रकम संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु</td><td>२,९८,९३५.००</td></tr>
<tr><td>४२.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।नविकरणीय उर्जा प्रविधि कार्यक्रममा विनियोजन भएको रकमबाट हाल पालिका कार्यालय रहेको भट्टेडाँडा हेल्थ पोष्टको नाममा देहायबमोजिम सोझै खरीद गरी हेल्थ पोष्टकै जिन्सी खातामा आम्दानी बाँधेको छ । सिलबन्दी दरभाउपत्रबाट प्रतिस्पर्धा गराई खरीद गर्न सकिने काम टुक्रा गरी सोझै खरीद गर्नु अनियमित देखिएको रु
<table>
<tr><th>भौ नं मिति</th><th>विवरण</th><th>आपुर्तक</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१९। २०७६।१०।१४</td><td>५.१केभिए सेभर स्माटर सोलार प्यानल व्याट्री लगायत</td><td>एसटी इनर्जि ग्रुप प्रा लि</td><td>४,२०,६९९।</td></tr>
<tr><td>२०।२०७६।१०।१४</td><td>५.२ केभिए सेभर स्माटर सोलार प्यानल व्याट्री लगायत</td><td>जलविनायक इन्टरप्राइजेज</td><td>४,४२,२७०।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८,६२,९६९</td></tr>
</table></td><td>८,६२,९६९.००</td></tr>
<tr><td>४३.</td><td>औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.६,४२,१२४/- संघीय सशर्तबाट, रु.१०,००,०००/- प्रदेश सशर्तबाट र रु.२,००,०००। वडा स्तरीय स्थानीय पालिकाबाट गरी जम्मा रु. १८,४२,१२४। का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>४३.१.</td><td>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</td><td></td></tr>
<tr><td>४३.२.</td><td>आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ४३.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ४३.४. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ४३.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| | **गाउँपालिका चालु** | |
| ४४. | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एउटा आपूर्तिकर्तासंग एक आर्थिक वर्षमा एकै पटक वा पटक पटकगरी पाँच लाख भन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार सोझै खरिद गरेको कार्य अनियमित देखिएको रु. | ४८,७१,३९८.०० |

| भौ न मिति | आपूर्तक | विवरण | रकम |
|---|---|---|---|
| ५७।२०७६।०६।१२ | माली केदनर ट्रेडर्र्स | कार्यालय मसलन्द | ४,९१,७०२। |
| ५८।२०७६।०६।१२ | कैलाश प्रेश | कार्यालय मसलन्द | ९५,८८०। |
| ५९।२०७६।०६।१२ | एस एस ट्रेड इन्टरप्राइज | कार्यालय मसलन्द | २,९५,११४। |
| ६०।२०७६।०६।१२ | एस एस ट्रेड इन्टरप्राइज | कार्यालय मसलन्द | ४,०५,८८०। |
| ३३२।२०७६।११।२५ | एस एस ट्रेड इन्टरप्राइज | कार्यालय मसलन्द | ४,६३,२६०। |
| ३३४।२०७६।११।२५ | कैलास प्रेश तथा मसलन्द छपाइ | कार्यालय मसलन्द | ४,८९,००७। |
| ३३७।२०७६।११।२५ | कैलास प्रेश तथा मसलन्द छपाइ | कार्यालय मसलन्द | १,९३,९०८। |
| ३४२।२०७६।११।२५ | कैलास प्रेश तथा मसलन्द छपाइ | कार्यालय मसलन्द | १,८७,५२३। |
| ४१७।२०७७।०१।२७ | सिन्नर्जी आइटि | कार्यालय मसलन्द | १,०९,८००। |
| ४१८।२०७७।०१।२७ | पुर्ण प्रिन्टिङ प्रेश | मसलन्द तथा छपाइ | ४,९९,१०९। |
| ४२१।२०७७।०१।२७ | रोजी ट्रेड एण्ड सप्लायर्स | मसलन्द तथा छपाइ | ४,९८,५९१। |
| ४२३।२०७७।०४।२३ | सफर ट्रेड लिंक | कार्यालय मसलन्द | १,१७,५२०। |
| ६५३।२०७७।०३।३१ | एस एस इन्टरप्राइजेज | मसलन्द | ७,५५,८४६। |
| ६५५।२०७७।०३।३१ | माली केदार ट्रेडर्स | मसलन्द | २,६८,३१८। |
| | जम्मा | | ४८,७१,३९८। |

| | | |
|---|---|---|
| | **ब.उ.शी.नं.— गाँउपालिका पूँजिगत (जनतासँग अध्यक्ष कार्यक्रम)** | |
| ४५. | **कार्यविधि बेगर खर्चः** गाउँपालिकाले आफ्नो आन्तरिक आयबाट कार्यक्रम स्वीकृत भई बजेट विनियोजन गरी खर्च गर्दा बजेट खर्चको लागि छुट्टै आर्थिक कार्यविधि बनाई खर्च गर्नु पर्दछ । यस बर्ष गाउँपालिकाले जनतासँग अध्यक्ष कार्यक्रम स्वीकृत गरी आफ्नो आन्तरिक स्रोत तथा आम्दानीबाट रु.१ करोडको बजेट छुट्याई आर्थिक कार्यविधि बेगर विभिन्न खर्च शीर्षकमा खर्च गरेको छ । यसरी कार्यविधि बेगर बजेट खर्च लेख्दा गाउँपालिकाको बिकास निर्माण कार्यमा | |

<table>
<tr><td></td><td>मितव्ययी तथा प्रभावकारी रुपले सरकारी बजेट खर्च नहुन सक्छ । तसर्थ कार्यालयले आफ्नो आन्तरिक स्रोत तथा आम्दानी गाउँपालिकाको बिकास निर्माणमा उचित ढंगले मितव्ययी हुने गरी कार्यक्रम संचालनको लागि आर्थिक कार्यविधि तयार गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>४६.</td><td>बिल भरपाईः आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च गर्दा खर्चको विल भरपाई सहित खर्च लेख्नु पर्ने व्यवस्था छ । निम्न मितिका गोश्वरा भौचरहरुबाट विभिन्न खर्चको रकम भुक्तानी गर्दा खर्चलाई पुष्टयाई गर्ने विल भरपाई तथा आवश्यक कागजात बेगर खर्च लेखेको पाईएकोले खर्चलाई समर्थन तथा पुष्टयाई गर्ने प्रमाण पेश गर्ने अन्यथा असुल गर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>व्यहोरा</th><th>भुक्तानी पाउने</th><th>नपुग कागजात</th><th>रकम</th></tr>
<tr><td>१९,२०७६।७।८</td><td>बटोको पैहिरो हटाउन कार्य</td><td>मंगल बहादुर थापा</td><td>विल तथा भरपाई नभएको</td><td>१६६६१।—</td></tr>
<tr><td>२८,२०७६।८।२९</td><td>रेफ्रिट्रफि सेट थान ३०</td><td>-</td><td>जिन्सी दाखिला र सामान बुझेको भरपाई नभएको</td><td>१५००००।—</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्माः</td><td>१६६६६१।—</td></tr>
</table></td><td>१,६६,६६१.००</td></tr>
<tr><td>४७.</td><td>कार्यसम्पन्न प्रतिवेदनः गो.भौ.नं.२६/मिति २०७६।८।२६ :- सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२५ बमोजिम खरीद संझौता बमोजिम निर्माण कार्य सम्पन्न भएको कामको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेको छ । तर कार्यालयले चिउरीडाँडा घोरेडाँडा तीन घरे माझडाँडा चिलाभञ्जाङ मोटर बाटो निर्माण कार्य उपभोक्ता समिति मार्फत सम्पन्न गराए वापत संझौता बमोजिमको रु.४,४७,९०१।— भुक्तानी गर्दा नियमानुसारको कार्य सम्पन्न प्रतिवेदन बेगर खर्च लेखेको पाईएकोले कार्य सम्पन्न भएको प्रमाण पेश गर्नु पर्ने रु.</td><td>४,४७,९०१.००</td></tr>
<tr><td>४८.</td><td>प्रमाण पेशः गो.भौ.नं.५४/मिति २०७६।११।१२—२०७६।८।२६— सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२५ बमोजिम खरीद संझौता बमोजिम निर्माण कार्य सम्पन्न भएको कामको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेको छ । तर वडा नं.३ नयाँगाउँ खोल्सा देखि सात कन्या आधारभूत बिधालय जाने गोरेटो बाटो मर्मत उपभोक्ता मार्फत मर्मत कार्य सम्पन्न गराए वापतको कार्यको लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन तथा प्राविधिका मूल्यांकन बेगर रु.३५,०००।— खर्च लेखेको पाईएकोले खर्चलाई समर्थन तथा पुष्टयाई गर्ने प्रमाण पेश गर्नु पर्ने देखिन्छ ।</td><td>३५,०००.००</td></tr>
<tr><td>४९.</td><td>भरपाई पेशः आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित खर्च लेख्नु पर्ने व्यवस्था छ । निम्न मितिका गोश्वरा भौचरबाट देहायका बिधार्थीहरुलाई छात्रवृत्ति वापतको रकम भुक्तानी गर्दा भरपाई बेगर खर्च लेखेको देखिएकोले भरपाई पेश गर्नु पर्ने रु
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>बिधार्थी</th><th>रकम</th></tr>
<tr><td>८६/२०७७।१।१४</td><td>निजल ज्ञामी मगर</td><td>५०,०००.००</td></tr>
<tr><td>८७/२०७७।१।१४</td><td>सिर्जना सापकोटा</td><td>५०,०००.००</td></tr>
<tr><td>८८/२०७७।१।१४</td><td>भवानी बजगाई</td><td>५०,०००.००</td></tr>
<tr><td></td><td>जम्माः</td><td>१,५०,०००.००</td></tr>
</table></td><td>१,५०,०००.००</td></tr>
<tr><td>५०.</td><td>बढी खर्चः गो.भौ.नं.१६४/२०७७।३।१ — आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । तर वडा नं.५ को लागि खानेपानी पाईप खरीद गरे वापतको खर्च</td><td>९,६१७.६०</td></tr>
</table>

| | | |
|---|---|---|
| | रु.२,००,०००।नेपाल पोलिपाईप प्रा.लि.बालाजु काठमाण्डौलाई भुक्तानी दिदा रु.१,९०,३८२।— रकमको मात्र कर विजक संलग्न राखी रु.९,६१७।६० बढी खर्च लेखेको पाईएकोले उक्त बढी खर्च रकम असुल गर्नु पर्ने रु. | |
| ५१. | **बिल भरपाई पेशः** गो.भौ.नं.१९३/मिति २०७७।३।१८ः— आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले रस्मिता घिसिङ लामालाई के कार्यको लागि आर्थिक सहायता उपलव्ध गराएको हो सोको प्रयोजन नखुलाई रु.१९,०००।— भुक्तानी गरी खर्च लेखेको छ भने अख्तियार प्राप्त अधिकारीबाट खर्चको स्वीकृत समेत गरेको देखिदैन र साथै खर्चका विलभरपाई समेत पेश गरेको नदेखिएकोले विलभरपाई सहित खर्चको समर्थ भएको प्रमाण पेश गर्नुपर्ने रु.. | १९,०००.०० |
| ५२. | **कार्यक्रम स्विकृतः** वडा कार्यालयहरुले कृषि, पशु, शिक्षा तथा स्वास्थ्य सम्बन्धी कुनै पनि कार्यक्रम संचालन गर्दा कार्यक्रम तयार गरी कार्यालयमा रहेका सम्बन्धित निर्देशनालय तथा शाखाहरुसँगको समन्वय तथा परामर्शबाट संचालन गर्नु पर्नेमा कार्यालयका विज्ञहरुसँग समन्वय तथा परामर्श नै नगरी कार्यक्रम बेगर विभिन्न कार्यक्रम संचालन गर्ने गरेको देखिन्छ । उदाहरणको लागि गो.भौ.नं.२०३/मिति २०७७।३।१८ बाट वडा नं. १ का ३५० जना कृषकहरुलाई ७१९.२० के.जी.तरकारीको विउविजन जिल्ला दररेट बेगर रु.३,५३,२५०।— को खरीद गरी वितरण गरेकोे छ । यसरी कार्यक्रम बेगर वडा कार्यालयहरुले गाउँपालिकाको सम्वन्धित सेक्टरका विज्ञहरुको परामर्श तथा निर्देशन बेगर कार्यक्रमहरु संचालन गर्दा गुणस्तरीय तथा मितव्ययी नहुन सक्छ । तसर्थ वडा कार्यालयहरुले वडामा कार्यक्रम संचालन गर्दा कार्यक्रम स्वीकृत गराई कार्यालयका सम्बन्धित विज्ञहरुको निर्देशन, सल्लाह तथा सुझावको आधारमा संचालन गर्नु पर्ने देखिन्छ । | |
| ५३. | **सहकारी संस्थालाई अनुदानः** गो.भौ.नं.२४६/मिति २०७७।३।२५ः— सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले व्यहोर्ने अंश समेतको उल्लेख गरी लागत अनुमान बनाई उपभोक्ताबाट कार्य सम्पन्न गराउनु पर्ने व्यवस्था रहेको छ । तर ईकुडोलमा चिलिङ्भ्याट स्थापनाको लागि पाहिक दुग्ध उत्पादक सहकारी संस्था लि.को लगानीको अंश नराखी लागत अनुमान तयार गरी कार्यालयको अनुदान रकम रु.४,८६,६६८।— को चिलिङ्भ्याट स्थापना गरेको देखिन्छ भने उक्त सहकारी संस्थाले खर्च व्यहोरेको देखिएन । तसर्थ कार्यालयले नाफामूलक व्यावसायिक संस्थालाई सरकारी अनुदान दिनु उपयुक्त देखिदैन । आर्थिका अवस्था कमजोर भएका किसानलाई अनुदान दिने तर्फ ध्यान दिनु पर्ने देखिन्छ। यदि कार्यक्रममा दिने व्यवस्था छ भने यस किसिमका सहकारी तथा संस्थाले व्यहोर्ने अंश समेतको लागत अनुमान तयार गरी खर्च गर्ने तर्फ कार्यालयले ध्यान दिन जरुरी देखिन्छ । | |
| ५४. | **बिल भरपाईः** गो.भौ.नं.२५२/मिति २०७७।३।२७ ः— आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित खर्च लेख्नु पर्ने व्यवस्था छ । यसरी खर्च अघि खर्च रकमको अख्तियार प्राप्त अधिकारीबाट स्वीकृत गराई नियमानुसारको गोश्वारा भौचर उठाई खर्चलाई पुष्टयाई गर्ने विलभरपाई संलग्न गरी गर्नु पर्नेमा कार्यालयबाट कुन कामको लागि रु.१,५०,०००।— खर्च गरेको हो सोको अख्तियार प्राप्त अधिकारीले खर्च स्वीकृत गरेको प्रमाण तथा नियमानुसार उठाएको गोश्वरा भौउचर र खर्चको विलभरपाई समेत संलग्न नरहेकोले खर्चलाई समर्थन गर्ने प्रमाण तथा विलभरपाई पेश गर्नु पर्ने रु. | १,५०,०००.०० |

<table>
<tr><td>५५.</td><td>बढी भुक्तानीः गो.भौ.नं.२६९/मिति २०७७।३।२४ – स्याउली डाँडा हुदै टुन्गुन करिडोर निर्माणको लागि लागत अनुमान रु.५,४४,०२९।४४ को तयार गरी कार्यालयले अनुदान रु.५०००००।– दिने गरी करीडोर निर्माण उपभोक्ता समितिसँग संझौता भई कार्य सम्पन्न गर्दा प्राविधिक मूल्याङ्कन अनुसार रु.५,६४,१२८।४३ को कार्य सम्पन्न भएको छ । यसरी कार्य सम्पन्न भई कार्यालयले अनुदान रु.५,००,०००।–रकम भुक्तानी गर्दा अनुदान रकमको ३ प्रतिशतले हुने कन्टेन्जेन्सी रु.१५०००।– मात्र कटाउनु पर्नेमा रु.१,५०,०००।– कटाई रु.१,३५,०००।–बढी कटाएको पाईएकोले उक्त बढी कन्टेन्जेन्सी रकम फिर्ता दाखिला गर्नु पर्ने रु.</td><td>१,३५,०००.००</td></tr>
<tr><td>५६.</td><td>बढी खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४को नियम३६(३) बमोजिम सरकारी बजेट खर्च लेख्दा खर्चको विल भरपाई सहित खर्च लेख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाको गीत निर्माण गरेको भनी सर्जक नवराज सञ्जेललाई निम्न मितिका गोश्वरा भौचर नम्बहरुबाट रु.१,००,०००।– का दरले रु.२,००,०००।– खर्च लेखेको छ । यसरी भुक्तानी गर्दा रु.१,००,०००।– खर्चको मात्र विलभरपाई संलग्न रहेको पाईयो भने बाँकी रु.१,००,०००।– विलभरपाई संलग्न रहेको नपाईएकोले पेश गर्नु पर्ने देखिन्छ । त्यसै गरी आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशतका दरले रु.३०,०००।– कर कटाउनु पर्नेमा रु.४,११०।– मात्र कटाएको पाईएकोले नपुग कर रु.२५,८९०।– असुल गर्नु पर्ने देखिएको रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>खर्च</th><th>कर</th><th>कटाएको कर</th><th>असुल गर्ने कर</th><th>कैफियत</th></tr>
<tr><td>२७२/२०७७।३।१</td><td>१०००००।–</td><td>१५०००।–</td><td>४११०।–</td><td>१०,८९०।–</td><td></td></tr>
<tr><td>२७३/२०७७।३।२४</td><td>१०००००।–</td><td>१५०००।–</td><td>-</td><td>१५,०००।–</td><td>विलभरपाई नभएको</td></tr>
<tr><td>जम्मा</td><td>२०००००।–</td><td>३००००।–</td><td>४११०।–</td><td>२५,८९०।–</td><td></td></tr>
</table></td><td>२५,८९०.००</td></tr>
<tr><td>५७.</td><td>अनुदान बढी भुक्तानीः गो.भौ.नं.२७७/मिति२०७७।३।२४ः– सातकन्या बुलाकीचौर मोटरबाटो मर्मत कार्य उपभोक्ता समिति मार्फत गराउनको लागि कार्यालयले रु.५,००,०००।– अनुदान दिने गरी रु.५,३९,२५९।०७ को संझौता भएकोमा कार्य सम्पन्न रु.५,१२,५९४।३३ भए बमोजिम कार्यालयले आनुपातिक हिसाबले रु.४,६१,०१८।२१ मात्र भुक्तानी दिनु पर्नेमा गो.भौ.नं.२७७/मिति २०७७।३।२४ बाट रु.३७६०१८।– र गो.भौ.नं.२७८/२०७७।३।२४ बाट रु.१,००,०००।– समेत रु.४,६७,०१८।– भुक्तानी गरी रु.१५,०००।– बढी भुक्तानी गरेको देखिएकोले उक्त बढी भुक्तानी रकम असुल गर्नु पर्ने र त्यसै गरी सोही मर्मत कार्यको लागत अनुमान तयार गर्दाको दरविश्लेषण बमोजिम निर्माण सामाग्रीमा जम्मा रु.१०,०६४।८४ मात्र मूल्यअभिवृद्धि कर उपभोक्ता समितिलाई भुक्तानी दिनु पर्नेमा संलग्न प्राविधिक मूल्याङकन बमोजिम रु.१२,८०६।३० दिई रु.२७४१।४६ बढी खर्च लेखेको पाईएकोले सो समेतको बढी भुक्तानी रु.१७,७४१।४६ असुल गरी सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्नु पर्ने रु.</td><td>१७,७४१.४६</td></tr>
<tr><td></td><td>ब.उ.शि.नं. प्रदेश समपुरक अनुदान</td><td></td></tr>
<tr><td>५८.</td><td>कन्टीन्जेन्सी खर्चः ठेक्का नं.NCB/BAGL/002/2075/76 भट्टेडाँडा ईकुडोल हुदै आश्राङ्ग जाने मोटरबाटोको स्तरोन्नति कार्यको लागत अनुमान रु.१,९३,७६,०००।– को तयार गरी बोलपत्रको माध्यमबाट ठेक्का लगाउदा सबै भन्दा कम कवोल गर्ने निर्माण व्यवसायी श्री माईला ब्रो/जाला जे.भी.सँग रु.१,०८,४७,८७०।४९ रकमको काम मिति २०७६ कार्तिक मसान्त भित्र सम्पन्न गर्ने गरी मिति २०७६।३।१ संझौता गरे बमोजिम पटक पटक गरी मोविलाईजेशन पेश्की रु.६०,००,०००।– उपलव्ध गराई कार्य संचालनको लागि कार्यदिश</td><td>७३,९५०.००</td></tr>
</table>

<table>
<tr><td></td><td>दिएकोमा समयमा विविध कारणबाट कार्य सम्पन्न हुन नसकेको भनी कार्यालयबाट २०७७ आषाढ मसान्त सम्मको म्याद थप गरेको र थपेको म्याद अवधिमा भित्र निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको छ । संलग्न कार्य सम्पन्न प्रतिवेदन तथा प्राविधिक मूल्याङ्कन बमोजिम रु.१,०८,११,६०९।२७ कार्य सम्पन्न भएकोमा हाल सम्म निर्माण व्यवसायीलाई रु.२४,६४,९५३।– भुक्तानी भई सकेको छ भने मोविलाईजेशन पेश्की वापतको रु.६०,००,०००।– पहिलो रनिङ्ग विलको रकम भुक्तानी गर्दा कटाएको छैन । त्यसै गरी कन्टेन्जेन्सी वापतको रकम ठेक्का संझौता गर्दा कटाएकोमा पुनः यस गोश्वारा भौचर नम्बरबाट रु.७३,९५०।– थप कटाएको पाईएकोले उक्त थप कट्टी रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्ने रु.</td><td></td></tr>
<tr><td></td><td>ब.उ.शी.नं.स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम(३६५००१०४)</td><td></td></tr>
<tr><td>५९.</td><td>समानुपातिक कट्टी – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम कुल लागत अनुमानमा उपभोक्ताको अंश छुट्याउनु पर्ने र सम्झौता गर्दा जुन अनुपातमा सम्झौता भएको छ सोही अनुसार उपभोक्ताको अंश कट्टा गरी वांकी रकम भुक्तानी दिनु पर्दछ । कार्यालयले निम्न योजनाका उपभोक्तासंग सम्झौता गर्दा छुट्याइएको अंश अनुपातमा बढी भुक्तानी गरेको छ । यसरी उपभोक्ताको अंश कम कट्टा गरेको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>उपभोक्ता समिति</th><th>लागत अनुमान</th><th>अनुदान</th><th>कार्यसम्पन्न</th><th>भुक्तानी</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>२/२०७७।३।२४</td><td>कुटमिरे दमार खेल मैदान निर्माण उपभोक्ता समिति</td><td>१०८००६७।७४</td><td>१००००००।-</td><td>१०४८९९७।२५</td><td>९७६६४५।-</td><td>५,४१२।-</td></tr>
</table></td><td>५४१२</td></tr>
<tr><td></td><td>ब.उ.शी.नं. प्रदेश पूर्वाधार बिकास कार्यक्रम(३३७०००१४)</td><td></td></tr>
<tr><td>६०.</td><td>अनुदान बढी भुक्तानीः गो.भौ.नं.५/मिति २०७७।३।२४ ः-घुसेल सामुदायिक भवन निर्माण कार्यको लागि रु.१५०५४६३।२४ लागत अनुमान तयार गरी कार्यालयको अनुदान रु.१३,९५,०००।-रहने गरी उपभोक्ता समिति, घुसेलसँग संझौता गरेकोमा निर्माण कार्य सम्पन्न भई प्राविधिक मूल्याङ्घ बमोजिम रु.१४,२७,४३९।३९ मात्र काम सम्पन्न भएको देखिएकोले संझौता भन्दा घटी कार्य सम्पन्न भएमा सोही अनुपातमा अनुदान घटाएर रु.१३,२४,८७० भुक्तानी दिनु पर्नेमा रु.१३,२८,०५९।- भुक्तानी गरी रु.३,१८९।-बढी खर्च लेखेकोले उक्त बढी खर्च रकम असुल गर्नु पर्ने रु.</td><td>३,१८९.00</td></tr>
<tr><td>६१.</td><td>मु अ कर असुलः भौ .न. ९ , २०७७।०३।२५ माझखण्ड खेल मैदान निर्माण उपभोक्ता समितिले निर्माण गरेको कार्यमा मु अ कर लाग्ने काम नगरेको अवस्थामा पनि रु २५७७४ ।- मु अ कर भुक्तानी भएको देखिएकोले असुल हुनुपर्ने रु</td><td>२५,७७४.00</td></tr>
<tr><td>६२.</td><td>सोधभर्नाः गो.भौ.नं.१३ मिति २०७७।३।२४- कार्यालयले यस शीर्षकबाट खर्चको संलग्न विलभरपाई तथा स्वीकृत तोक आदेश र प्राविधिक मूल्याङकन बमोजिमको रु.७,००,०००।- प्रदेश शर्सत शीर्षकको खर्च रकम भुक्तानी दिएकोले उक्त रकम यस शीर्षकमा सोधभर्ना गरी हिसाव मिलान गर्नु पर्ने देखिएको रु.</td><td>७,००,०००.00</td></tr>
<tr><td></td><td>ब.उ.शी.नं.जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान</td><td></td></tr>
<tr><td>६३.</td><td>पालिका भवन निर्माण - गाउँपालिकाको भवन निर्माणको लागि कार्यालयबाट रु.१३,५८,५९,०१२।– लागत अनुमान तयार गरी ठेक्का बन्दोबस्त गर्न ई–बिडिङ्गको माध्यमबाट बोलपत्र आव्हान गर्दा १० थान बोलपत्र कागजात बिक्रि भएकोमा ८ थान मात्र पेश हुन आएको बोलपत्रको प्राविधिक प्रस्ताव मूल्याङ्कन आधारमा आर्थिक प्रास्ताव मूल्याङकन गर्दा सबै भन्दा घटी रु.८,८७,३७,७६७।११ कवोल गर्ने निर्माण व्यवसायी श्री</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | कविन्द्र/पि.एम.जे.भी.सँग मिति २०७८।२।१३ कार्य सम्पन्न गर्ने गरी मिति २०७६।८।१३ संझौता भएको छ । उक्त भवन निर्माण कार्यको ठेक्का बन्दोवस्तीको कागजातको परीक्षण गर्दा भवन निर्माण हुने स्थानको माटो परीक्षण गरेको छैन । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार निर्माण सामाग्री,मेशीन औजार उपकरण र तेस्रो पक्ष समेतको बिमा गराउनु पर्नेमा गराएको देखिएन साथै निर्माण व्यवसायीले योजना संचालनको कार्य तालिका समेत पेश गरेको देखिएन । त्यसै गरी योजना संचालनको लागि यस आर्थिक बर्षमा मोविलाईजेशन पेश्की रु.७५,००,०००।— उपलव्ध गराएको छ भने निर्माण व्यवसायीको कुनै पनि रनिङ्ग विलको भुक्तानी गरेको छैन । | |
| ६४. | **स्थलगत निरीक्षण** ः—लेखापरीक्षणको क्रममा उक्त निर्माणाधिन कार्यालय भवनको स्थलगत निरीक्षण गर्दा संझौता बमोजिम आगामी २०७८ जेष्ठ १३ गते भित्र कार्य सम्पन्न गरी सक्नु पर्ने उल्लेख भएतापनि हाल सम्म भवनको फाउण्डेशनको काम मात्र भएको देखिन्छ । यदि संझौता अवधि भित्र कार्य सम्पन्न नभएमा मूल्य समायोजन गर्नु पर्ने जस्ता कारणले थप व्ययभार बढी योजनाको लागत बढ्न सक्ने अवस्था रहन्छ । त्यसैगरी कार्यालय तर्फबाट समयमा कार्य सम्पन्न गराउनको लागि निर्माण व्यवसायीलाई ताकेता गर्नु पर्नेमा गरेको देखिएन भने निर्माण स्थलमा योजनाको लागत सहितको जानकारीमूलक नोटिस बोर्ड सर्वसाधारणले देख्ने ठाउँमा राख्नु पर्नेमा राखेको छैन । तसर्थ कार्यालयले संझौता अवधि भित्र निर्माण कार्य सम्पन्न गराई थप व्ययभार हुन नदिन ध्यान दिनु पर्ने देखिन्छ । | |
| | **राजस्वतर्फः** | |
| ६५. | **रसिद नियन्त्रण खाताः** गाउँपालिकाले राजश्व असुलीमा प्रयोग हुने नगदी रसिदको दुरुपयोग हुन नदिनको लागी रसिद नियन्त्रण खाता प्रमाणित गरी राख्नुपर्दछ । यस्तो नियन्त्रण खातामा गत बर्ष प्रयोग हुन नसकी फिर्ता आएका रसिद यस वर्ष छापिएका रसिद हरुको सिरियल नम्वर सहित आम्दानी बाध्नुपर्ने र ती रसिदहरु क—कस्लाई कति संख्यामा दिइएको हो सि न खुल्ने गरी नियन्त्रण खाताबाट घटाइ छुट्टै रजिष्टरमा जनाइ बुझाउनु पर्दछ । पालिकाले प्रयोग भएका रसिदहरुमध्ये के कति गत आ व बाट जिम्मेवारी सरी आएका थिए यस वर्ष कति छपाई गरिए र कति रसिद क—कस्लाई प्रयोगमा दिइयो र कति मौज्दातमा रहेका छन भन्ने खुल्ने गरी अभिलेख राखेको पाइएन । त्यसैगरी नगदी रसिदबाट उठेको रकम दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैंक दाखिला गर्नुपर्नेमा सो अभिलेख समेत राख्ने गरेको छैन ।यसबाट पालिकाले प्रयोगमा ल्याएका सवै नगदी रसिदको आम्दानी तोकिएको समयमै बैक दाखिला भएको छ भन्ने यकिन गर्न सक्ने अवस्था भएन । | |
| ६६. | **ढुङगा, गिट्टी ,रोडा,बालुवा ठेक्काः** बागमती गाउपालिका क्षेत्रभित्रका IEE भएका खोला नदीबाट उत्खनन संकलन बिक्री वितरण तथा निकासी हुने ढुङगा, गिट्टी ,रोडा, बालुवा भरान माटो आदीको उत्खनन तथा विक्री वितरणका लागी गाउपालिकाले मिति २०७६।०३।१८ मा ठेक्का नं ३।७५।७६ बाट बोलपत्र आह्वान गरेकोमा एसएल तिमिल्सना जे भी खुमलटारको ई बिडिङ मार्फत एक मात्र बोलपत्र पेश भइ मिति २०७६।०६।१७ गते ३०६६६६७ घनफिट परिमाणको उत्खनन तथा विक्री वितरण गर्न मुल्य अभिवृद्धी कर बाहेक रु २,७७,००,०००।को सम्झौता भएको थियो । उक्त ठेक्काको सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः | |
| ६६.१. | बोलपत्र आव्हानको सुचनाको बुदा नं ९ मा ठेक्का कबुल अंकको रकम ठेकेदारले ३ किस्तामा बुझाउनुपर्नेछ । पहिलो किस्ता संम्झौता गर्दाको बखत कुल कबुल अंकको ६० प्रतिशत, दोस्रो किस्ता २० प्रतिशत मंसीर मसान्त र तेस्रो किस्ता २० प्रतिशत फागुन मसान्तमा बुझाइसक्नुपर्नेछ भन्ने उल्लेख छ । जसअनुसार ठेकेदारले सम्झौता गर्दाको बखत रु २,७७,००,०००। को ६० | |

| | | |
|---|---|---|
| | प्रतिशतले हुने रु १,६६,२०,०००। र बुदा नं १० अनुसार सो को १३ प्रतिशतले हुने मु अ कर रु २१,६०,६००। आन्तरिक राजस्व कार्यालयमा बुझाउनुपर्नेमा रु ७७,००,०००। को चेक पेश गरेकै आधारमा ठेक्का सम्झौता भएको पाइयो । उक्त चेक पालिकाले क्लियरिङको लागि पठाएकोमा ठेकेदारको खातामा रकम नभई चेक फिर्ता आएको भन्ने गाउँपालिकको च नं ४१८ मिति २०७६।०८।०८ को रकम जम्मा गर्ने बारेको पत्रबाट देखिन्छ । बैंङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को उपदफा ग अनुसार आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटी दिने कार्य बैंङ्किङ कसुर भएको र बैंकिङ कसुर गर्ने फर्मलाई बैंकिङ कसुरको कारबाही प्रकृया अगाडी बढाउनुपर्नेमा सो नगरी ठेकेदारले सम्झौताअनुसारको बुझाउनुपर्ने रकम नबुझाएको तथा मु अ कर बापतको रकम पनि आन्तरिक राजस्व कार्यालयमा दाखिला नगरेको अवस्थामा काम सुचारु गर्न दिएको उचित देखिएन। | |
| ६६.२. | गाउँपालिकाले मिति २०७६।०८।०८ र ९।१५ मा रकम बुझाउन पुनः ताकेका पत्र पठाएकोमा मिति २०७६।०९।२७ मा रु २१,००,०००। तथा मिति २०७६।०९।२९ मा रु.२०,५०,०००। समेत रु ४१,५०,००० । मात्र दाखिला गरेको र सम्झौता अनुसारको रकम दाखिला गर्न आनाकानी गरेको स्पष्ट देखिन्छ । ठेकेदारले मिति २०७६।०६।०१ देखि २०७७।०६।१३ सम्म अवधि भएको सेन्चुरी कमर्सियल बैंकबाट जारी रु २,००,००,०००। को बैङ्क जमानत पेश गरेको अवस्थामा पनि सम्झौताको बुदा नं ७ मा उल्लेखित दोस्रो पक्षले तोकिएको समयभित्र प्रथम पक्षलाई बुझाउनुपर्ने रकम नबुझाएमा दोस्रो पक्षले पेश गरेको बैंक ग्यारेन्टी खिची रकम प्रथम पक्षको खातामा जम्मा गर्नेछ भन्ने सर्तको कारबाही अगाडी बढाउने तर्फ गाउँपालिकाले कुनै अग्रसरता देखाएको छैन । | |
| ६६.३. | गाउँ कार्यपालिकाको मिति २०७७।०१।२९ को निर्णयअनुसार ठेकेदारले सम्झौता बमोजिमको रकम जम्मा गर्न नसकेकोले ठेक्काको सम्बन्धमा सम्बन्धित जे.भी. सँग ३ दिन भित्र लिखित राय माग गर्ने र सो अवधिमा राय नदिए वा चित्त बुझ्दो राय नभएमा ठेक्का सम्झौता रद्ध गरी अमानतमा गाउँपालिकाले नै रकम संकलन गर्ने निर्णय भएको देखिन्छ । त्यसैगरी गाउँकार्यपालिकाको मिति २०७७।०२।०४ को निर्णय अनुसार ठेकदारले पेश गरेको राय र विकसित परिस्थितिलाई मध्यनजर गर्दा सम्झौता रकम रु.२,७७,००,००० । भ्याट बाहेक लाई कार्यदिश दिइएको दिन २५५ ले भाग गरी हेर्दा सम्बन्धित जे भीले बुझाउनुपर्ने प्रतिदिनको रकम रु१०८६२७।४५ लाई जम्मा ठेक्का संचालन भएको १७२ दिनको रु १,८६,८३,९२१।४० बुझाउनु पर्ने देखिन्छ । IEE स्वीकृत गराई कार्यदिश दिन नसकिएको भस्मे बगरको ३००००० (तीन लाख) घन फिटको रु ९। का दरले हुने रकम रु २७,००,०००। छुट दिने र कोभिड १९ का कारण चैत्र, बैशाख र जेठमा ठेक्का संचालन गर्न नपाएकोले आजकै दिन ठेक्का रद्ध गरी गाउँपालिकाले जम्मा प्राप्त गर्नुपर्ने रु १,८६,८३,९१२।४० बाट सो जे भीले यस अघि नै बुझाएको रु४१,५०,०००। र भस्मे बगरको छुट रु.२७,००,०००। घटाई बाँकी रु१,१८,३३,९२१।४० एक मुस्ट मिति २०७७।०२।११ गतेभित्र नगदै गाउँपालिकाको खातामा बुझाएमा १० प्रतिशत छुट समेत दिने अन्यथा जे भी ले पेश गरेको बैंक ग्यारेन्टीबाट हालसम्म बुझाउनुपर्ने पुरै रकम असुल गर्ने प्रकृया अगाडी बढाउने निर्णय भएको देखिन्छ । यसरी पटक पटकको ताकेता पछि पनि रकम नबुझाउने ठेकेदारलाई पुनः १० प्रतिशत छुट दिने कार्यपालिकाको निर्णय समेत उचित देखिदैन ।त्यसैगरी २५५ दिनमध्ये १७२ दिनमा ठेकेदारले कति परिमाणको ढुङ्गा, गिट्टी, वालुवा आदि निकासी तथा बिक्री गरेको यकिन नभइ दिनगन्तीकै आधारमा ठेकेदारलाइ उन्मुक्ति दिने गरी निर्णय गर्नु पनि उचित देखिदैन । | |
| ६६.४. | ठेकेदारले मिति २०७७।०२।१५ मा गाउँपालिकाको खातामा रु ८५,००,०००। दाखिला | १२३५००००.०० |

| | | |
|---|---|---|
| | गरी बैंङ्क जमानत फुकुवा गरीदिन निवेदन दिएपश्चात मिति २०७७।०२।१८ मा बसेको गाउँकार्यपालिकाको बैठकले मिति २०७७।०२।०४ गते आँफैले गरेको निर्णय विपरीत हुने गरी सो जे भीले एकमुष्ट रु ८५,००,०००। नगद गाउँपालिकाको खातामा जम्मा गरी यस असहज परिस्थितिका कारण अन्य रकम छुट पाउन निवेदन दिएकोले उत्पन्न भएको असामान्य परिस्थितिलाई मनन गरी बाँकी रकम छुट दिई सो जे भीले यस गाउँपालिकाको कार्यपालिकामा पेश गरेको बैंक ग्यारेन्टी फुकुवा गरीयो भन्ने निर्णयका आधारमा गाउँपालिकाको च नं १३५२ मिति २०७७।०२।१९ को पत्रबाट बैंक ग्यारेन्टी फुकुवा गरीदिन सेन्चुरी कमर्सियल बैंकलाई पत्राचार भएको देखिन्छ । मिति २०७६।६।१७ मा २५५ दिन ठेक्का अवधि कायम हुने गरी ३०६६६६७ घन फिट परिमाणको ढुङ्गा ,गिट्टी वालुवा उत्खनन तथा विक्री वितरण गर्न मु अ कर बाहेक रु २७७०००००।०० सम्झौता भएकोमा भस्मे वगरको कार्यदेश दिन नसकेको ३ लाख घनफिटको हुने रु २७०००००।०० घटाउदाँ बाँकी हुने रु २५००००००।०० मध्ये ठेकेदारले कार्य गरेको भनिएको १७२ दिनमा कति परिमाणको ढुङगा ,गिट्टी वालुवा विक्री तथा निकासी भएको हो सो को परिमाण यकिन नगरी ठेकेदारले मु अ कर बाहेक रु १२६५००००।०० मात्र बुझाएको अवस्थामा रु १२३५००००।०० राजश्व मिनाहा दिने गरी गरेको निर्णयका कारण नेपाल सरकारलाइ प्राप्त हुने १३ प्रतिशतले हुने मु अ कर रु १६०५५००।०० समेत गुम्न गएको हुदाँ मिनाहा गर्ने निर्णय उचित नदेखिएकोले मिनाहा दिएको रकममा मु अ कर समेत गणना गरी असुल हुनुपर्ने रु | |
| ६६.५. | ठेकेदारले सम्झौता तथा बोलपत्रको सुचनाको बुदा नं १० बमोजिम १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर संकलन गरी आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण गाउँपालिकामा उपलब्ध गराउनुपर्नेमा सो बमोजिम गरेको नदेखिएकोले ठेकेदारले बुझाएको रु१२६५००००।०० को १३ प्रतिशतले हुने मु अ कर रु १६४४५००।०० असुल गरी संघिय संचित कोष दाखिला हुनुपर्ने रु | १६४४५००.०० |
| ६७. | **अमानतबाट रकम संकलनः** गाउँ कार्यपालिकाको २०७७।०२।०४ मा बसेको बैठकको निर्णयले सोही दिनबाट ठेक्का रद्ध गरी अमानतमा ढुङगा, गिट्टी,बालुवा भरान माटो आदिको उत्खनन संकलन तथा विक्री निकासी खानीतर्फ प्रति क्युफिट रु ६ र गाँउपालिकाले आइ इ इ गरेको नदिजन्य पदार्थतर्फ रु ९ का दरले रकम संकलन गर्नेले संकलित रकमको १० प्रतिशत रकम पाउने गरी रकम संकलनका लागि प्रकृया अगाडी बढाउने निर्णय गरेको देखिन्छ । अमानतबाट रकम संकलन गरेका केही नगदी रसिदहरु लेखापरीक्षणमा पेश भएतापनि त्यस्तो अमानतबाट रकम संकलनको जिम्मा कसलाइ दिइएको हो भन्ने कुनै लिखित कागजात लेखापरीक्षणमा पेश भएको छैन । त्यसैगरी कति नगदी रसिदहरु त्यस्तो संकलन कार्यमा दिइएको हो र ती सवै रसिदको आम्दानी प्राप्त भए नभएको सम्बन्धी कुनै अभिलेख व्यवस्थित नगरेबाट अमानतबाट रकम संकलन कार्य अगाडी बढाउने प्रकृया पारदर्शी र यर्थाथपरक देखिएन । यसबाट उठनुपर्ने सवै रकम आम्दानी भए नभएको यकिन गर्न सक्ने अवस्था समेत रहेन ।प्राप्त नगदी रसिदमा धेरैजसो बालुवा निकासी देखिन्छ र सो मा खानी क्षेत्रको दर (गाउँपालिकाले निर्णय गरेको दर प्रति क्यूफिट रु.६) लगाइएको छ । यस सम्बन्धमा पालिकाले अनुगमन एवम छानविन गरी यर्थाथता पत्ता लगाउनु जरुरी छ । अमानतबाट रकम संकलन सम्बन्धमा देखिएका थप व्यहोरा देहाय बमोजिम छन । | |
| ६७.१. | अमानतबाट संकलन भएको आम्दानी भनी तिनपाने बगुवा र प्युटार नाकामा प्रयोग भएका अनुसुची क मा उल्लेख भएअनुसार २१ प्याड नगदी रसिद मात्र लेखापरीक्षणमा पेश भएको छ। नगदी रसिद छपाई र वितरणको स्थिति लेखापरीक्षणमा पेश हुन नआएकोले अमानतमा प्रयोग भएका रसिद र असुल भएको रकमको यथार्थता जानकारी हुन सक्ने अवस्था | |

| | | |
|---|---|---|
| | नदेखिएकोले यस सम्बन्धमा छानबिन गर्नुपर्ने देखिन्छ । | |
| ६७.२. | अमानतबाट संकलित ढुङगा, गिट्टी ,बालुवा रोडा आदि रकममा १३ प्रतिशतले मुल्य अभिवृद्धि कर थप संङ्कलन गरी सम्बन्धित राजस्व खातामा दाखिला गर्नुपर्नेमा संकलन गरेको नदेखिएकोले लेखापरीक्षणको क्रममा पेश भएका २१ प्याड नगदी रसिदबाट असुल भएको रु १०,७०,३८९ मा १३ प्रतिशतले हुने मु अ कर रु १३९१५१। असुल गरी दाखिला हुनुपर्ने देखिएको रु | १,३९,१५१.०० |
| ६७.३. | तिनपाने नाकाबाट संकलन गरेको रु ४७०४७५। मध्ये मिति २०७७।०६।२२ मा रु १,००,०००। तथा मिति २०७७।०८।२६ रु १,५०,०००। समेत रु २,५०,०००। दाखिला गरेको भौचर पेश भएको छ । बाँकी रु २,२०,४७५ । को दाखिला भौचर लेखापरीक्षणमा पेश नभएको हुँदा दाखिला गरेको भए भौचर पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल हुनुपर्ने रु | २,२०,४७५.०० |
| ६७.४. | प्युटार नाकाबाट संकलन भएको रु ५६,१६० । को दाखिला भौचर लेखापरीक्षणमा पेश नभएकोले दाखिला भएको भए भौचर पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ५६,१६०.०० |
| ६७.५. | प्युटार नाकामा प्रयोग भएको रसिद नं ५७०१ देखि ५७५० सम्मको नगदी रसिदबाट ५१०० घनफिट रोडा निकासी गरेको देखिएकोमा रु ९ का दरले संकलन गर्नुपर्नेमा रु ३ का दरले मात्र संकलन गरी रु ३०,६००। तथा ३४० घनफिट बालुवाको रु ६ का दरले संकलन (खानी क्षेत्र) गर्नुपर्नेमा रु ३ का दरले संकलन गरी रु १०२० समेत जम्मा रु.३१,६२०/- घटी संङ्कलन गरेको देखिएको हुँदा उक्त रकममा १३ प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रु ४१११ समेत असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने रु | ३५,७३१.०० |
| ६७.६. | बगुवा नाकामा प्रयोग भएको रसिद नं.५३०३ देखि ५३२२ सम्मको नगदी रसिदबाट २५५० घनफिट रोडा निकासी गरेको देखिएकोमा रु.९ का दरले संकलन गर्नुपर्नेमा रु.३ का दरले मात्र संकलन गरी रु.१५,३०० घटी संकलन गरेको हुँदा उक्त रकममा १३ प्रतिशतले हुने मु अ कर रु.१९८९। समेत रु.१७२८९। असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने रु | १७,२८९.०० |
| ६७.७. | तिनपाने नाकामा प्रयोग भएको रसिद नं ४७११, रसिद नं४८३२ देखि ४८३९ सम्म तथा रसिद नं ४९७० देखि ४९९३ सम्म प्रयोग भएका रसिदबाट ढुङ्गा,ग्रावेल,गिट्टी र रोडा संकलन गर्दा रु ९ का दरले संकलन गर्नुपर्नेमा रु ३ का दरले संकलन गरी २४५० घन फिटको रु १४७०० । घटी संकलन गरेको हुँदा उक्त रकममा १३ प्रतिशतले हुने रु १९११। समेत १६६११। असुल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने रु | १६६११.०० |
| ६८. | **राजश्व दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गरी राखुपर्ने व्यवस्था छ। साथै सोही ऐनको दफा २८(२) मा अफ्नो जिम्मामा आएको नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्वन्धित तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ७ वटा वडा कार्यालयले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्र दाखिला गरेको छैन । यसरी ढिला हुनेगरी राजश्व रकम बैक दाखिला भएको अवधिको गणना गरी गाउँपालिकाबाट छानविन गरी | |

| | | |
|---|---|---|
| | जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरण निम्नानुसार छनः | |

| वडा नम्वर | रसिद विवरण | दाखिला मिति | दाखिला रकम |
|---|---|---|---|
| १ | विभिन्न नम्वरका ७ प्याड | २०७६।०८।१९ | ५३००० |
| | | २०७६।११।११ | ३७००० |
| | | २०७७।०३।२२ | १६८८२ |
| २ र ४ | विभिन्न नम्वरका १३ प्याड | २०७६।०९।१३ | ४९७१२ |
| | | २०७६।०९।१३ | ४३८५५ |
| | | २०७७।०३।२९ | ४९८२८ |
| ३ | विभिन्न नम्वरका ६ प्याड | २०७६।०९।१८ | ३०००० |
| | | २०७६।११।२८ | ३०००० |
| | | २०७७।०३।३० | १५७०० |
| ५ | विभिन्न नम्वरका ६ प्याड | २०७६।१०।०९ | २०८७१ |
| | | २०७७।०१।२६ | १२००० |
| | | २०७७।०३।३० | १४५०० |
| ६ र ७ | विभिन्न नम्वरका ६ प्याड | २०७७।०३।२८ | २०२२४ |
| | | २०७७।०३।२८ | ३०२६६ |
| कृषि शाखा | विभिन्न नम्वरका २ प्याड | २०७६।१०।२८ | २५४०० |
| | | २०७६।१०।१४ | २९००० |
| | | २०७६।१०।२८ देखि २०७७।०३।२३ सम्म | ३८२०० |
| | जम्मा | | ५,४४,३१४ । |

| | | |
|---|---|---|
| ६९. | **दाखिला भौचर पेश नगरेको** - कृषि शाखाबाट र.नं.१४५१ देखि र.नं.१५०० सम्मको रसीद प्याडबाट उठेको रु.५८,९००/- मध्ये मिति २०७६/१०/१४ बाट रु.२९,०००/- र २०७६/१०/२८ बाट रु.२५,४००/- गरी रु.५४,४००/- दाखिला भएको भौचर पेश भएको छ । बाँकी रु.४५००/- को दाखिला भौचर पेश नभएको हुँदा दाखिला भएको भए भौचर पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. --- | ४,५००.०० |
| ७०. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकामा एक जना रोजगार संयोजकलाई मासिक रु ३५,९९०। का दरले चाडपर्व तथा पोशाक खर्च समेत रु ४,७७,८७०। र मसलन्द खर्च रु ५०,०००। गरी वार्षिक रु५,२७,८७०। खर्च भएतापनि अन्य कुनै पनि कार्यक्रम सञ्चालन भएको छैन। तोकिएको कार्यक्रम संचालन नै नगरी संयोजक मात्र नियुक्ति गरी खर्च गर्नु उपलब्धिमूलक देखिएन । | |

७१. **बिल भरपाई पेश नभएको**: आर्थिक कार्यविधि नियामावली २०६४ को नियम ३६ को उपनियम ३ अनुसार खर्च गर्दा खर्चको विल भर्पाइ सहित लेखा राख्नुपर्ने तथा नियम ३६ को उपनियम ८ मा कुनै रकमको भुक्तानी दिदाँ रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।तर पालिकाले देहायबमोजिमका भौचर र मितिमा खर्च रकम भुक्तानी गरेकोमा बिल भरपाई पेश नभएको रु १,७९,८००.००

| भौ नं । मिति | कर्मचारीको नाम | खर्च शीर्षक | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ६१७।२०७७।३।२७ | श्री रमेश घले | विविध तथा मर्मत | १,७९,८०० | पालिका चाँलु शीर्षकबाट |

**सामाजिक सुरक्षातर्फ**

७२. **सामाजिक सुरक्षातर्फ** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकामा **MIS** प्रणाली अवलम्बन नगरीएको र प्रथम दोस्रो चौमासिकको भत्ता वितरण गर्दा सेवाग्राहीको भरपाई अनुसार वितरण गरिएको छ ।तेस्रो चौमासिकमा बैक मार्फत भत्ता वितरण गरीएको भनेतापनि लेखापरीक्षणको क्रममा तेस्रो चौमासिकको भत्ता वितरणको प्रमाण प्राप्त भएन । जसका कारण सामाजिक सुरक्षाको विवरण एकिन गर्न सकिएन ।

पालिका कार्यालयलयले पेश गरेको सामाजिक सुरक्षा वितरण निकासा र खर्च

| चौमासिक | निकासा | खर्च | फिर्ता |
|---|---|---|---|
| **प्रथम** | १,०९,३३,६०० | १,०७,९९,२०० | १,३४,४०० |
| **दोस्रो** | १,०३,००,००० | १,०७,६२,६०० | १,२४,६०० |
| **तेस्रो** | १,१५,५०,००० | १,०३,९२,००० | ५,७०,८०० |

दोस्रो चौमासिक माग भन्दा कम निकासा लिई नपुग रकम रु ५,८७,२०० पालिका कोषबाट खर्च लेखेको र सोही रकम बराबर तेस्रो चौमासिकबाट पालिका कार्यालयलाई सो भ गरेको देखिन्छ । यसरी निकासा खर्चका आधारमा बैकले रु ८,२९,८०० फिर्ता गर्नपर्ने देखिएपनि बैकबाट रु ८,१७,८०० मात्र फिर्ता भएको स्रेस्ताबाट देखिदा नपुग रकम असुल गर्नुपर्ने रु. --- १२,०००.००

**विपद् व्यवस्थापन**

७३. **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन नगरी सयोजक मात्र तोकेको र कुनै पनि बैठक नबसेको विपद व्यवस्थापन सम्बन्धी कुनै पनि कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनु पर्दछ ।

७४. **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न

लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

७५. **विपद् व्यवस्थापन कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले विपद् व्यवस्थापन कोष खडा नगरी गा.पा. चालु शिर्षकको आकस्मिक कोषमा रु १७,००,०००। बजेट विनियोजन गरी रु ८,००,०००। खर्च गरेको छ।

७६. **वार्षिक प्रतिवेदन —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

७७. **कोरोना रोकथाम तथा नियन्त्रणमा खर्चः** यस गाउँपालिकामा कोरोना रोकथाम तथा नियन्त्रणमा देहायबमोजिम जम्मा रु ३५,०६,९७९।०० खर्च भएको छ ।

| सि.न. | खर्च शिर्षक | रकम |
|---|---|---|
| १ | राहत वितरण | २३,६५,५११। |
| २ | क्यारेन्टिन होल्डिङ सेन्टर निर्माण व्यवस्थापन | २,५०,०००। |
| ३ | जनशक्ति परिचालन | ४,२५,०००। |
| ४ | सामाग्री खरीद | ३,८८,४६८। |
| ५ | अन्य खर्च | ७८,०००। |
| | जम्मा | ३५,०६,९७९। |

सो सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छ ।

७७.१. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६को उपनियम ३ अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कोभिड १९ को समयमा उपत्यकमा आपतमा परेकालाई पालिका भित्र घर फर्काउन गाडी प्रयोग गरीएकोमा श्री देवेन्द्र घिमिरेलाई ढुवानी गरेवापत रु.२८०००। भुक्तानी भएको भरपाई पेश नभएको रु — २८,०००.००

७८. **पेश्की बाँकी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की दिने र फछ्र्यौट गर्ने सम्बन्धी व्यवस्था छ ।आर्थिक वर्षको अन्त्यसम्म पनि देहायबमोजिमका भौचर र मितिमा लिएको पेश्की फछ्र्यौट नभएकोले नियमानुसार फछ्यौट हुनुपर्ने रु. --- — २४७४३००८.००

| भौ.नै. र मिति | पेश्की लिने कर्मचारी ।उपभोक्ता समिति | पेश्की रकम | कैफियत |
|---|---|---|---|
| | **गाउँपालिका चालुतर्फ** | | |
| ४६०-२०७७।१।२९ | बुद्ध विहार निर्माण माझखण्ड | २,००,००० | उ स पेश्की |
| ५२३-२०७७।३।१ | खैरेनी धन डाँडा आश्राङ मोटरबाटो उ स | २,००,००० | उ स पेश्की |
| ५९७-२०७७।३।२४ | श्री आश्राङ विपद व्यवस्थापन समिति | ३,००,००० | उ स पेश्की |
| ६२१-२०७७।३।२८ | श्री रिचिङ द नेशन एजि चर्च उपभोक्ता समिति | ५,००,००० | उ स पेश्की |

| | | | |
|---|---|---|---|
| ६३९-२०७७।३।२४ | वडा नं ४ वडा कार्यालय जाने बाटो उपभोक्ता समिति | २,००,००० | उ स पेश्की |
| ६४४-२०७७।३।२४ | श्री टिच फर नेपाल | १३,८०,००० | संस्थागत पेश्की |
| | **संघ सशर्त चालुतर्फ** | | |
| २४३-२०७७/३/२४ | कालिदेवी माध्यमिक विद्यालय प्यूटार | २६,००,००० | संस्थागत पेश्की |
| | **गाउँपालिका पूँजीगततर्फ** | | |
| १५-२०७६।७।८ | एडभान्स निर्माण सेवा | १०,००,०००।- | नि.व्य.पेश्की |
| १६-२०७६।७।८ | सारा निर्माण सेवा | ४,००,०००।- | नि.व्य.पेश्की |
| २०-२०७६।७।८ | खेलकूद मैदान मर्मत उपभोक्ता समिति | २,००,०००।- | उ.स..पेश्की |
| १०७-२०७७।१।२९ | प्यूटार गुम्बा निर्माण उपभोक्ता समिति | २,००,०००।- | उ.स..पेश्की |
| १०८-२०७७।१।२९ | ईकुडोल गुम्बा निर्माण उपभोक्ता समिति | ३,००,०००।- | उ.स..पेश्की |
| २३५-२०७७।३।२४ | आस्राङ विपत व्यवस्थापन उपभोक्ता समिति | ४,००,०००।- | उ.स..पेश्की |
| २८७-२०७७।३।२४ | ठे.कविन्द्र/पि.एम.जे.भी. | ६१,००,०००।- | नि.व्य.पेश्की |
| २५३-२०७७।३।२७ | दक्षिण ललितपुर ग्रामीण बि.सहकारी सं. | ५,००,०००।- | संस्थागत पेश्की |
| | **प्रदेश समपुरक अनुदानतर्फ** | | |
| २९०-२०७७।३।३१ | अग्नी इनकर्पोरेटेड प्रा.लि. | ९,३३,००८।- | संस्थागत पेश्की |
| २९४-२०७७।३।३१ | खैरेनी घनडाँडा आश्राङ्घ मोटरबाटो उ.स. | २,००,०००।- | उ.स..पेश्की |
| | **संघ शसर्त पुँजिगततर्फ** | | |
| ७-२०७७।३।२७ | खुर्मी खोला गिम्दीमा ट्रसपुल निर्माण उपभोक्ता समिति | ६,००,०००।- | उ.स..पेश्की |
| | **जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान** | | |
| २-२०७६।११।२५ | ठे.कविन्द्र/पि.एम.जे.भी. | ७५,००,०००।- | नि.व्य.पेश्की |
| ५-२०७७।३।२५ | स्टो.कि.श्री तुलसी भट्टराई | १०,३०,०००।- | कर्मचारी पेश्की |
| | जम्मा | २४७४३००८.०० | |

| | | |
|---|---|---|
| ७९. | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छः | |
| ७९.१. | पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |
| ७९.२. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ । यस सम्बन्धमा पालिकाले कुनै अभिलेख राखेको पाइएन । | |

| | | |
|---|---|---|
| ८०. | **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाको गत आर्थिक बर्ष सम्मको बेरुजु बाँकी रु ८ करोड ३९ लाख ४९ हजार रहेको छ । लेखापरीक्षणको क्रममा यस वर्ष पालिकाबाट सम्परीक्षणका लागि अनुरोध भई नआएकोले सम्परीक्षण गरीएको छैन। | |

अनुसूची क

**क. तिनपाने नाकाः**

| सि नं | रसिद नंबर | | रकम |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | ४४०१ | ४४५० | ५२६०५ |
| २ | ४५५१ | ४६०० | ४४९७० |
| ३ | ४५०१ | ४५५० | ५५२३० |
| ४ | ४६०१ | ४६५० | ५११३५ |
| ५ | ४७५१ | ४८०० | ४८९६० |
| ६ | ४७०१ | ४७५० | ४६४४० |
| ७ | ४८०१ | ४८५० | ३८५३५ |
| ८ | ४९०१ | ४९५० | ४२४८० |
| ९ | ४९५१ | ५००० | ४३४८५ |
| १० | ४८५१ | ४९०० | ४६६३५ |
| | | जम्मा | ४७०४७५ |

**ख. बगुवा नाकाः**

| सि नं | रसिद नंबर | | रकम |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | ५२०१ | ५२५० | ५८०५० |
| २ | ५३०१ | ५३५० | ४४७९० |
| ३ | ५२५१ | ५३०० | ६७०२० |
| ४ | ५९५१ | ६००० | ६५८२९ |
| ५ | ५४०१ | ५४५० | ६७५८५ |
| ६ | ५३५१ | ५४०० | ६९००० |
| ७ | ५४५१ | ५५०० | ५८९५० |
| ८ | ५१०१ | ५१५० | ५२९८० |
| ९ | ५१५१ | ५२०० | ५९५५० |
| | | जम्मा | ५४३७५४ |

**ग प्युटार नाकाः**

| सि नं | रसिद नंबर | | रकम |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | ५५५१ | ५६०० | २०५५० |
| २ | ५७०१ | ५७५० | ३५६१० |
| | | जम्मा | ५६१६० |
| कुल जम्मा | | | १०७०३८९ |

अनुसूची १

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | लेखापरीक्षण रकम | बेरुजु रकम | आयतर्फ | | | | | | व्यय तर्फ | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| ललितपुर | बाग्मती गाउँपालिका | ८१३८८३ | ५८३५७ | ० | २८०३५० | ४६८६१ | ४५६५२ | ५१३१७ | ४२४१८० | २४१३८३ | ९७६७४ | ५०६४६ | ३८९७०३ | ३४४७७ |

अनुसूची २

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | | | फरक |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | | |
| | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा | |
| ललितपुर | बाग्मती गाउँपालिका | ४२ | ६७ | ७५७७७ | ० | १८ | १७४२० | ४२ | ४९ | ५८३५७ | १५२३२ | १२५५२ | ५८३० | ० | ० | १८३८२ | १०३० | २३७१३ | २४७४३ | ० |

अनुसूची ३

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | गत वर्षसम्मको बाँकी बेरुजु | समायोजन | सं.पको लागि अनुरोध भइ आएको रकम | सं.प.भएको रकम | सम्परीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी बेरुजु रकम | यो वर्ष थप रकम | ५८ औं प्रतिवेदनसम्को बाँकी बेरुजु | ५८ औं प्रतिवेदनसम्को बाँकी बेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ललितपुर | बाग्मती गाउँपालिका | ८३९४९ | ० | ० | ० | ० | ० | ८३९४९ | ५८३५७ | १४२३०६ | ३९२६९ |